संविधानसभा
गतिविधि-२

वर्ष १, अंक २, २०६८ श्रावण

संरक्षक

सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्ग
माननीय उपाध्यक्ष श्री पूर्णकुमारी सुवेदी
माननीय श्री मीना पाण्डे, सभापति नागरिक सम्बन्ध समिति

प्रकाशक मण्डल

मा. श्री नारायणप्रसाद अधिकारी
मा. श्री उमाकान्त शर्मा
मा. श्री केशवप्रसाद मैनाली
मा. श्री देवराज जोशी
मा. श्री पार्वती थापा श्रेष्ठ
मा. श्री पुरुषोत्तम बस्नेत
मा. श्री टिकाराम सुब्बा लेप्चा
मा. श्री प्रकाश पाखिन
मा. श्री राजकिशोर यादव
मा. श्री सावित्रा भूसाल

उपसमितिबाट विशेष आमन्त्रित

मा. श्री बिनोद पहाडी

व्यवस्थापन मण्डल

महासचिव श्री मनोहरप्रसाद भट्टराई
सचिव श्री ठाकुरप्रसाद बराल
श्री धनबहादुर श्रेष्ठ, सचिव, नागरिक सम्बन्ध समिति
सहसचिव श्री मुकुन्दप्रसाद शर्मा, प्रवक्ता
सहसचिव श्री लवप्रसाद गौतम, कार्यव्यवस्था परामर्श समिति
सहसचिव श्री टेकप्रसाद ढुंगाना, कानूनी सल्लाहाकार

संविधानसभा सचिवालय
सिंहदरवार, काठमाडौं
फोनः ०१-४२००११५, फ्याक्सः ०१-४२००२९६
Email: crc@can.gov.np
www.can.gov.np



यस भित्र

'विविधतायुक्त नेपाल र नेपाली जनताको प्रष्ट अभिव्यक्तिको परिणाम नै वर्तमान संविधानसभा हो'
-संविधानसभाका अध्यक्ष
९

'महिलालाई जहिलेसुकै पनि सहयोगी भूमिका दिने र कार्यकारी भूमिका महिलाले निर्वाह गर्न सक्दैनन् कि भन्ने भ्रम रहेको मैले देखें'
-संविधानसभाका उपाध्यक्ष
१३

प्रकाशकीय
मन्तव्य
सम्बोधन
अन्तर्वार्ता
संविधानसभामा भएका बैठकको झलक २४
संवैधानिक समिति हालसम्मका बैठक र सो को कार्यसूची ४०
राय सुझाव संकलन सम्बन्धी विवरण ६७

समर्पण

राष्ट्र, राष्ट्रियता र जनताको लागि
जीवन बलिदान दिनुहुने ज्ञात अज्ञात
महान शहीदहरू प्रति

प्रकाशकीय

नागरिक सम्बन्ध समितिले "संविधानसभा गतिविधि" नामक पत्रिकाको दोस्रो अंक प्रकाशन गरिरहेको छ । संविधानसभामा आम नागरिकको सहज पहुँच निर्माण गर्ने र सो को कार्यान्वयन गर्ने, संविधानसभा, संविधान निर्माण प्रकृया र यसको नियमित कृयाकलापबारे प्रभावकारी सूचना सम्प्रेषण गर्ने उद्देश्यका साथ नै पहिलो अंक प्रकाशित भएको करिब डेढ महिनापछि यो अंक प्रकाशित गर्ने जमर्को गरेका छौं ।

२०६८ जेठ १४ गते संविधानसभाको म्याद तीन महिनाको लागि पुनः थप गरिएको यो अवधिमा संविधानसभा अन्तर्गत संविधान निर्माण प्रकृया उत्साहजनक ढङ्गले अगाडि बढ्न सकेको छैन । साथै संविधानसभाको बैठक पनि बस्न नसकेको स्थिति छ । थप गरिएको यो समयावधि भित्र के-के भए त ? अब के हुन बाँकी छ ? यो विषयमा सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष तथा संवैधानिक समितिका माननीय सभापतिका धारणा के-के छन् ? राज्यको पुनर्संरचना, शासकीय स्वरूप र निर्वाचन प्रणालीको विषयमा छलफल कहाँ पुगेको छ ? विवाद समाधान उपसमिति आफ्नो कार्यमा कहाँ पुगेको छ र विवादका बुँदाहरू कति घटेका छन् ? यो गतिविधिमा राख्नुपर्ने विगतमा छुटेका विषयहरू के-के थिए ? आदि महत्वपूर्ण विषयहरू आम नागरिकमा पुऱ्याउने कोशिस यो अंकले गरेको छ ।

पछिल्लो अंकको प्रकाशन पछि मिति २०६८/२/२३ मा बसेको नागरिक सम्बन्ध समितिको बैठकले हामीलाई दोस्रो अंक प्रकाशन गर्ने जिम्मा दिएको थियो । पछिल्लो अंक बाहिर आएपछि माननीय सदस्यहरू तथा विज्ञ र अध्ययन गर्ने नागरिकहरूबाट यो प्रकाशन उपसमितिलाई धन्यवाद, आलोचना र गहन सुझावहरू प्राप्त भए । सर्वप्रथम सुझाव र आलोचना प्रदान गर्नु हुने सबैलाई यो उपसमिति धन्यवाद ज्ञापन गर्न चाहन्छ । साथै आलोचना र सुझावहरू यो अंक प्रकाशन गर्न मार्गदर्शक बनेको कुरा सबैमा स्मरण गराउन चाहन्छु । साथै यो दोस्रो अंकमा भएका कमिकमजोरी र सीमाहरू पनि सशक्त ढङ्गले औंल्याईदिनहुन प्रकाशन उपसमिति अनुरोध गर्दछ ।

यो अंक प्रकाशनको लागि संविधानसभाका सम्माननीय अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ज्यूको विशेष चासोका साथ छलफल र निर्देशन, त्यस्तै माननीय उपाध्यक्ष पूर्णकुमारी सुवेदीज्यूको सल्लाह र सुझावको विशेष महत्व छ । प्रकाशन उपसमिति सम्माननीय अध्यक्ष र मा० उपाध्यक्ष प्रति विशेष आभार व्यक्त गर्दछ । साथै अघिल्लो अंकमा जस्तै उपसमितिको हरेक बैठकमा उपस्थित भएर विशेष मार्गनिर्देशन गर्नुहुने नागरिक सम्बन्ध समितिका माननीय सभापति मीना पाण्डेज्यू, आमन्त्रित रूपमा भूमिका खेल्नुहुने माननीय विनोद पहाडीज्यू, आफ्नो कार्यमा अहोरात्र खट्ने उपसमितिका मा० सदस्यहरू, संविधानसभाका महासचिव लगायत व्यवस्थापन मण्डल, संविधानसभा नागरिक सम्बन्ध समितिका सचिव धनबहादुर श्रेष्ठ, उपसचिव बालकृष्ण सुवाल, शा.अ. सहजित राई र सचिवालयका अन्य कर्मचारीहरू, सम्पादन र रिपोर्टिङमा सहयोग गर्ने पत्रकार साथीहरू सन्तोष पौडेल, केदार सुवेदी, उज्ज्वल पहाडीका साथै सज्जामा यस सचिवालयका कर्मचारी रविन अधिकारी, कम्प्युटर सहयोगी पिङ्कु मास्के, अञ्जु कंडेल तथा यो प्रकाशनार्थ सहयोग गर्ने इन्टरनेशनल आईडियाका लीना रिक्किला तामाङ, खुसीप्रसाद थारू लगायत यस प्रकाशन कार्यमा प्रत्यक्ष परोक्ष रूपमा सहयोग गर्ने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नारायणप्रसाद अधिकारी
(संयोजक)
प्रकाशन उपसमिति
संविधानसभा नागरिक सम्बन्ध समिति

सभापतिको कलम

संविधान र शान्ति प्रक्रियाको अन्तरसम्बन्ध

मा. श्री मीना पाण्डे
सभापति, नागरिक सम्बन्ध समिति

ऐतिहासिक जन आन्दोलनले सार्वभौमसत्ता सम्पन्न बनाएका नेपाली वालिग नागरिकहरूको मतबाट खडा भएको ऐतिहासिक संस्था संविधानसभाले गरेका कामहरूप्रति देशव्यापी जिज्ञासा बढी रहेको छ । अन्तरिम संविधानले दुई वर्षको समय सीमा तोकेकोमा त्यसको पछिल्लो नवौं संशोधनले थपेको तीन महिनाको कार्यकालको सीमाभित्र यो सभा चलिरहेको छ । यो दोस्रो पटक थपिएको म्यादको समय हो । दुई वर्षको पहिलो कार्यकाल प्रक्रियागत रूपले प्रतिक्षाको समय स्वभाविक रूपमा बित्यो भने त्यसपछि थपिएको एकवर्षको कार्यकालको कतिपय गुनासा र प्रतिक्रियाहरू आए । अहिले चलिरहेको समय पनि यही भित्र पर्छ । जनताद्वारा निर्वाचित संस्था भएको हुँदा उनीहरूले संविधानसभालाई आफ्नो स्वामित्वको संस्था मानेर नै यस्ता प्रतिक्रिया आएका हुन् भन्ने प्रष्ट छ । कसैले पनि आफ्नो स्वामित्व नभएको संस्थाप्रति क्रिया-प्रतिक्रिया जनाउँदैनन् । त्यसकारण पनि आम नागरिकको प्रतिक्षालाई सभाले गम्भिरताकासाथ लिनुपर्छ ।

संविधानसभामा बितेको समयमा के भए र तत्काल के हुँदैछ भन्ने यसले आन्तरिक रूपमा गरेका कामहरूको विवरण पर्याप्त मात्रामा आम नागरिक बीच पुऱ्याउन नसक्दापनि यो स्थिति आएको हुनुपर्छ । त्यसकारण संविधानसभा भित्र के गरिदै छन् र कस्ता कस्ता चरणहरूमा कस्ता कस्ता कार्यहरू सम्पन्न भए भन्ने नियमित रूपले सामग्रीहरू प्रस्तुत हुन सक्यो भने यो सभा र यसका सदस्यहरू तथा निकायहरू सक्रिय रहेका छन् भन्ने सन्देश जाने स्थिति बन्दछ । संविधानसभाको यो समितिले गरेको संविधानसभा गतिविधि प्रकाशनको शुरूवात आम नागरिक र सभाबीच काम कार्यवाहीहरूको जानकारीको दुरी घटाउनु नै हो । यो गतिविधिको दोस्रो अङ्क यही परिप्रेक्ष्यमा आएको छ । यो अङ्क प्रकाशित भएपछि सभाले यो बेलासम्म के कस्ता कामहरू सम्पन्न गरेछ र अव संविधान निर्माण क्रममा कति कुरा बाँकी रहेछन् भन्ने बुझ्न सहज हुने अपेक्षा गर्न सकिन्छ । सभाका सदस्यहरूको भनाई काम नभएको होइन भन्ने र नागरिकहरूको भनाई काम भएको छैन भन्ने जस्ता प्रश्न र प्रत्युत्तर भई रहेका थिए र छन् । त्यसमा यो प्रकाशनले ठोस उत्तर दिने मान्न सकिन्छ । दोस्रो प्रकाशनका विषय र सामग्रीहरू यसैका सेरोफेरोमा छन् ।

संविधान निर्माणको काम आफै एक्लो विषय नभएर शान्ति प्रक्रियासँग पुरै सापेक्ष रहेको अव छर्लङ्ग भई सकेको छ । पहिलो वर्ष पनि संविधानसभाका तालिकाहरू निर्माण हुँदै र त्यस भित्र गर्नुपर्ने काम सम्पन्न हुन नसकी पटक पटक त्यसलाई संशोधन गर्नु परेको थियो । एउटा विशेष परिस्थितिमा संविधान संशोधन गरी एक वर्षको म्याद थपियो । थपिएको त्यो एक वर्ष त झन् संविधान निर्माणका लागि चाहिने तत्परता पनि सेलाएको अवस्थामा रह्यो । त्यसपछि तीन महिनाको समय थपियो, यी पंक्ति लेखिएका बेलासम्म त्यो समयको समेत दुई तिहाई भन्दा बढी भाग संविधान निर्माणमा लाग्दै नलागी बित्यो । यसको अर्थ हो शान्ति र संविधान भन्दै आइएकोमा शान्ति प्रक्रिया पहिलो कुरा रहेछ भन्ने पुष्टि हुनु । अघिल्लो र पछिल्लो जेठ १४ मा म्याद थपिदा भएका तीन बुँदे र ५ बुँदे सम्झौताहरूको पहिलो बुँदामा शान्ति प्रक्रिया टुङ्गोमा लाग्नु पर्ने र लगाईने भन्ने प्रतिबद्धताहरू व्यक्त हुनुले पनि यही बुझाउँदछ । यो नियमित प्रक्रियाको दुई वर्षमा किन तालिका बदलीरहनु परेछ भन्ने दृष्टान्त पनि हो । पछिल्लो समय म्याद थप्दाको सम्झौता जसलाई सिङ्गो संसदले आफ्नो स्वामित्वमा लियो र त्यसको अनुगमन पनि गरिरहेको छ । त्यसमा संविधान भन्दा शान्ति प्रक्रियाको महत्व उल्लेख भएको छ र यो पूरा गर्नका लागि भनी तीन महिनाको समय थपिएको भन्ने स्पष्ट पारेको छ । तीन महिना समय थप्दाको पाँच बुँदे सहमतिले संविधानलाई दोस्रो ठाउँमा राखेको छ । संविधान आफ्नो ठाउँमा छ तर त्यो भन्दा आम नागरिकले अत्यधिक चासो लिएको विषय हो शान्ति प्रक्रिया । यसमा नागरिकहरूका दैनिक जीविकोपार्जनका विषय समेत जोडिएको हुँदा संविधानका नाममा उनीहरूले गरेको प्रतिक्षा र त्यो नहुँदा व्यक्त गरेका आक्रोश शान्ति प्रक्रिया टुङ्गो नलाग्नुसँग सम्बन्धित रहेको भन्ने बुझ्नु पर्छ । तर शान्ति प्रक्रियाका लागि भनी संविधानसभाको म्याद थपियो र थपिएको म्याद पनि दलहरूले आफ्ना प्रतिबद्धता प्रति इमान्दारीता नदेखाउँदा खेर गईरहेको अवस्था अहिले छ । संविधान समयमै निर्माण हुन किन सकेन भन्ने प्रश्नको सरल उत्तरमा त्यसको कारण भनी शान्ति प्रक्रिया टुङ्गोमा नपुग्नु हो भन्ने सरल उत्तर आउँछ । यो विववरणले शान्ति प्रक्रियामा दलहरू संवेदनशील नहुञ्जेल संविधान निर्माणको कार्यले गति लिने स्थिति बन्ने रहेनछ भन्ने बुझ्नु पर्छ । शान्ति र संविधान अलग विषय थिए भन्ने जेठ १४ गते संविधानसभाका लागि त्यसलाई प्राथमिकता दिएर म्याद थपिन्थ्यो होला । संविधानसभाका यी प्रकाशनहरूले संविधान निर्माणको काम कहाँ पुगेको छ भन्ने त बताउँछन् तर शान्ति प्रक्रियाका बारे भने सभाका निकायसँग कुनै उत्तर छैन । यसको जवाफ सम्झौताकर्ता दलहरूले दिनुपर्छ । उल्लेखित परिप्रेक्ष्यमा शान्ति र संविधान जोडिएका विषय भएकाले संविधान निर्माणमा पनि असर परेको स्पष्ट हुन आउँछ । हुनत संविधान निर्माणका प्रक्रिया र विषयका मूल विषयमा पनि फरक भएको तथ्य आफै बोल्दछ । अबको प्रतिक्षा भनेको संविधान भन्दा प्राथमिकतामा परेको शान्ति प्रक्रिया कहाँ पुग्यो भन्नेमा केन्द्रित रहेको छ । जिम्मेवार दलहरूले नै यसको उत्तर दिनु पर्छ र दिनेछन् भन्ने अपेक्षाका साथ संविधानसभाको गतिविधि समेटिएको यो दोस्रो प्रकाशन यहाँहरू समक्ष आएको छ ।

यसरी दोश्रो प्रकाशन गर्ने अवसरलाई प्रेरणा दिने सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू, नागरिक सम्वन्ध समितिका माननीय सदस्यज्यूहरू प्रकाशन उप-समितिका संयोजक लगायत सवै सदस्यहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तै सचिवालयका तर्फबाट सहयोग गर्नुहुने व्यवस्थापन मण्डलका सदस्यहरू, समितिका सचिव एवं आवद्ध सवै कर्मचारीहरू, प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने इन्टरनेशनल आइडियाका लीना रिक्किला तामाङ र खुशीप्रसाद थारू प्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै प्रकाशन सन्दर्भमा व्यवसायिक प्रत्रकारहरू केदार सुवेदी, सन्तोष पौडेल र उज्जल पहाडी लगायत सबैमा धन्यवाद दिन चाहान्छु ।

संविधानसभा नागरिक सम्बन्ध समितिका माननीय सभापति, सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्ष

नागरिक सम्बन्ध समिति अन्तर्गत गठित प्रकाशन उपसमितिका माननीय सदस्यहरू साथमा समिति सभापति एवं सचिव

संविधानसभा सचिवालयका पदाधिकारी एवं व्यवस्थापन मण्डलका सदस्यहरू

२०६५ साल जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकमा तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले गर्नु भएको सम्बोधन

"सम्माननीय अध्यक्षज्यू, मा० सदस्यहरू संविधानसभाको बैठकलाई सम्बोधन गर्दै हाम्रा अगाडि जिम्मेवारीहरू धेरै रहेका छन् । शहिदको सपना, सिउँदो पुछिएका महिलाको जिम्मेवारी पूरा गर्नु छ, तसर्थ राजनैतिक दलहरू बीच सहमति निर्माण गरी आपसी विश्वास र एकताको आधारमा अगाडि बढ्न सके राष्ट्र निर्माणमा जुट्न सक्ने छौं भन्नुभयो ।

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाका तर्फबाट सम्माननीय प्रधानमन्त्रीको वक्तव्य वाचन गर्नुहुँदै मा० शान्ति तथा पुनः निर्माण मन्त्री श्री रामचन्द्र पौडेलले संविधानसभाको निर्वाचन सम्पन्न भई मुलुक नयाँ युगमा प्रवेश गर्न लागेको यस ऐतिहासिक क्षणमा म सर्वप्रथम जनाधिकार लोकतन्त्र र मुलुकको शान्ति तथा अग्रगमनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूको संस्मरण गर्दै उहाँहरू सबैमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु भन्नुभयो ।

> "हामी नेपाली जनता सम्पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न हुन पुग्दैछौं । जनताको सम्प्रभुता माथि अव कतैबाट पनि कुनै व्यवधान रहने छैन भनेर मैले विश्वास लिएको छु ।"

वाचनः आफ्नो संविधान आफूले लेख्ने नेपाली जनताको करिब ६ दशक लामो चाहना यथार्थमा परिणत गर्ने माध्यमको रूपमा रहेको संविधानसभाको बैठक प्रारम्भ हुँदैछ । यो ऐतिहासिक क्षणमा गौरवपूर्ण एवं गहन जिम्मेवारीका साथ यस सभामा प्रवेश गर्नु भएका सम्पूर्ण मा० सदस्यहरूलाई बधाई दिन चाहन्छु । साथै संविधानसभाको चुनाव सम्पन्न गर्न पुऱ्याउनु भएको सहयोगको लागि सम्पूर्ण नेपाली दिदी बहिनी, दाजु भाइ, हाम्रा शुभेच्छुक मित्र राष्ट्र, दातृ निकाय, राष्ट्रसेवक र अन्य सहयोगी सबैलाई मेरो

व्यक्तिगत तथा नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । मुलुकमा शुरू भएको शान्ति प्रकृया अव तार्किक निष्कर्षमा पुग्ने चरणमा प्रवेश गरेको छ । हालै सम्पन्न संविधानसभाको निर्वाचनको माध्यमबाट मुलुकका सबै क्षेत्र, जाती, वर्ग, लिंग, समुदायको प्रतिनिधित्व संविधान निर्माणको लागि सुनिश्चित गर्न हामी सक्षम बनेका छौं । हाम्रो यो सभा समावेशीकरणको नियुक्ती विश्वव्यापी उदाहरणीय भएकोमा गर्व अनुभूति गरेको छु । हामी सबैको साझा प्रयास र सहकार्यले यस ऐतिहासिक घडीसम्म आई पुगेका छौं । राजनैतिक, आर्थिक, सामाजिक रूपान्तरणको अभूतपूर्व संघारमा उभिएको मुलुकमा यस सभाको बैठकबाट नयाँ युगको शुरूवात हुनेछ । जनताको अभिमतबाट निर्मित यस सभाको यसै बैठकबाट जनचाहना बमोजिम राजतन्त्रको अन्त्य गरी मुलुकमा गणतन्त्र स्थापना हुनेछ र हामी नेपाली जनता सम्पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न हुन पुग्दैछौं । जनताको सम्प्रभुता माथि अव कतैबाट पनि कुनै व्यवधान रहने छैन भनेर मैले विश्वास लिएको छु । हाम्रा आजका चिन्तन निर्णय र कार्यशैलीले मुलुकलाई सुदुर भविष्यसम्म प्रभावित गर्नेछ । तसर्थ आजको यस सम्बेदनशील घडीमा हामी सबै अझ बढी जवाफदेही र संयमित हुन जरूरी छ । विगतका अनेक जटिलता र अन्तर्द्वन्दहरूलाई चिर्दै हामी सहमति र सहकार्यको संस्कृति अनुशरण गरी आज यस चरणमा आई पुगेका छौं । सहमति र सहकार्यको आधारमा नै नयाँ नेपालको क्षितिज उद्घाटित हुने कुरा मैले पटक पटक भन्दै आएको पनि छु । तसर्थ बहुदलीय लोकतान्त्रिक प्रतिस्पर्धाको बीचमा पनि सहमति, समझदारी र सहकार्यको संस्कृतिलाई नयाँ संविधान नबनेसम्म मात्र होइन मुलुकमा दरिलो लोकतान्त्रिक राजनीतिक पद्धति स्थापित नभएसम्म निरन्तरता दिनु पर्ने कुरालाई म यहाँहरू समक्ष पुनः एकपटक दोहोऱ्याउन चाहन्छु । देशमा विद्यमान गरिबी, अशिक्षा, पछौटेपनको अन्त्य गरी मुलुकलाई आर्थिक सम्बृद्धि एवं समन्वयको दिशामा छिटो अघि बढाउन समेत साझा दृष्टिकोण एवं राजनैतिक सहमति र कटिबद्धताको आवश्यकता छ । संविधानसभाको गठन सँगै मुलुकमा हालसम्म थाँती रहेका सम्पूर्ण राजनीतिक समस्याको समाधान खोज्ने संवैधानिक मार्ग प्रसस्त भएको छ । अव मुलुकमा हत्या, हिंसा र आतंक पूर्णतया बन्द हुनु पर्दछ र हामी सबैको ध्यान मुलुकमा शान्ति सुव्यवस्था कायम गरी मानव अधिकार र लोकतन्त्रको सुदृढिकरणमा केन्द्रित हुनु पर्दछ । त्यसै अनुरूप मुलुकको राष्ट्रियता, अखण्डता र सार्वभौमसत्ता माथि कुनै आँच नपुग्नेगरी मुलुकका सबै वर्ग, लिंग, क्षेत्र, भाषाभाषी र जनजातिको उन्नति र प्रगतिलाई सुनिश्चित गर्ने गरी संविधानसभाले मुलुकमा लोकतान्त्रिक, बहुलवादी, राजनैतिक ढाँचा निर्माण गर्ने कुरामा म आशावादी छु ।

लोकतन्त्रको स्थापना, सम्बर्द्धन र क्रियाशीलताका लागि आफ्नो अधिकांश राजनीतिक जीवन खर्चिएको मेरो लागि कानूनी राज्य र लोकतान्त्रिक शासन प्रणाली बाहेकको कुनै कल्पना पनि हुन सक्दैन । विधिको शासन, मानव अधिकार, बहुदलीय प्रतिस्पर्धा एवं उदार राजनीतिक मूल्य र मान्यतामा आधारित शासन पद्धतिको विकल्प छैन । आजको विश्व परिवेश एवं हाम्रो आफ्नै अनुभवले यसलाई पुष्टि गरी सकेको छ । अव हाम्रा वचनबद्धतालाई मूर्त रूप दिने समय आएको छ । यस क्रममा विगत द्वन्द कालका अवशेषहरूको पूर्ण समाप्तिका लागि हामी थप प्रयत्नशील रहनु जरूरी छ । हामीले विगतमा गरेका सम्झौता, सहमति एवं समझदारीको कार्यान्वयन पनि हामी सबैको साझा जिम्मेवारी हो । संविधानसभाको निर्वाचन परिणामलाई ध्यानमा राखी सबभन्दा ठूलो राजनीतिक दलको रूपमा देखिएको एकिकृत नेपाल कम्युनिष्ट पार्टी, माओवादीलाई संवैधानिक प्रावधान अनुरूप सहमति कायम गरी नयाँ सरकार गठन गर्न समेत मैले आह्वान गरी सकेकोतर्फ पनि मा० सदस्यहरूलाई स्मरण गराउन चाहन्छु ।

अन्त्यमा, यथाशिघ्र नयाँ संविधानको निर्माण गरी मुलुकलाई शान्ति, आर्थिक समुन्नति, न्याय र अग्रगमनको मार्गमा अघि बढाउनु तथा लोकतान्त्रिक र बहुलवादी शासन व्यवस्थालाई सुनिश्चित गर्न हामी सबैलाई सफलता मिलोस् भन्ने कामनाका साथ नयाँ संविधान निर्माणको दौरानमा यहाँहरू सबैलाई सफलता मिलोस् भन्ने कामनाको साथ नयाँ संविधान निर्माणको दौरानमा यहाँहरू सबैबाट क्रियाशिल सहभागिताको अपेक्षा गर्दछु ।" ■

संविधानसभाको पहिलो बैठकबाट पारित गणतन्त्रको कार्यान्वयन गर्ने सम्बन्धी प्रस्ताव

"नेपाली जनताले २००७ साल पहिलेदेखि पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष, क्रान्ति र जन-आन्दोलन मार्फत अभिव्यक्त जनादेशको सम्मान गर्दै, प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न, राजनीतिक दलहरूका बीच भएको सहमति तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ (२) अनुरूप इतिहासले सुम्पेको अभिभारालाई आत्मसात् गर्दै नेपाल सरकार, मन्त्रिपरिषद् गणतन्त्रको कार्यान्वयनका लागि संविधानसभाको पहिलो बैठकमा निम्न बमोजिमको प्रस्ताव प्रस्तुत गर्दछ :–

१. सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजैका मितिदेखि एक संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधान सभाको यो पहिलो बैठक घोषणा गर्दछ ।

२. मुलुकमा विधिवत् लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएकोले यससँग बाझिने सबै संवैधानिक प्रावधान, कानुन र प्रशासनिक व्यवस्था आजैका मितिदेखि बाझिएको हदसम्म खारेज भएको मानिने छ । यो घोषणा पारित हुनु भन्दा तत्काल अघि प्रचलित कानुन, परम्परा, रीति, सामाजिक तथा सांस्कृतिक व्यवहार एवं अभ्यासमा रहेका तत्कालिन राजा र निजका परिवारका सदस्यलाई आम नेपाली नागरिकलाई भन्दा भिन्न रूपमा प्राप्त सम्पूर्ण अधिकार, सुविधा, हैसियत तथा उपाधि स्वतः अन्त्य हुनेछ ।

३. नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत घोषित भएको अवस्थामा राष्ट्रपतिको व्यवस्था लगायतका अत्यावश्यक प्रावधानलाई संवैधानिक रूपमा संशोधन गर्न नेपालको अन्तरिम संविधान, २०६३ मा आवश्यक संशोधन विधेयक पेश गरिएको छ । राष्ट्रपतिको निर्वाचन प्रणाली लगायत अन्य आवश्यक विषयमा संविधान संशोधन सम्बन्धी अर्को विधेयक पेश गरिने छ ।

४. नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र विधिवत प्रवेश गरी नयाँ युग आरम्भ भएको ऐतिहासिक अवसरमा यो बैठक सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । यस अवसरमा सम्पूर्ण नेपाली जनतालाई हार्दिक बधाई ज्ञापन गर्दै आज र अब उपरान्त प्रत्येक सालको जेठ १५ गते गणतन्त्र दिवसलाई हर्षोल्लासपूर्ण वातावरणमा व्यापक रूपमा विधिवत कार्यक्रमका साथ मनाउन देश भित्र र बाहिर रहनु भएका सम्पूर्ण नेपालीहरूमा यो बैठक हार्दिक आह्वान गर्दछ ।

५. नेपालमा लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भई सकेको सन्दर्भमा नारायणहिटी दरबार परिसर तथा यस भित्र रहेको सम्पूर्ण सम्पदालाई ऐतिहासिक संग्रहालय लगायत राष्ट्रिय हितमा उपयोग गर्न नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने छ ।

संविधानसभाबाट पारित र प्रमाणिकरण मितिः २०६५/०२/१५/०४

२०६८ जेठ १४ गतेपछि नागरिक सम्बन्ध समितिको कार्य प्रगति विवरणहरू

०६८/२/१४	संविधान सभाका सम्माननीय अध्यक्षज्यूबाट नागरिक सम्बन्ध समितिबाट प्रकाशन गरिएको संविधानसभा गतिविधि नामक पत्रिकाको अन्तराष्ट्रिय सम्मेलन केन्द्र नयाँ वानेश्वरमा भव्य रूपमा विमोचन कार्यक्रम सम्पन्न भएको थियो ।
०६८/२/२०	संविधानसभा गतिविधि पत्रिकाको विषयमा समिक्षा गरी प्राप्त भएका सुझावहरू समेतलाई आगामी अंकमा समेट्ने निर्णय गऱ्यो ।
०६८/२/२३	नागरिक सम्बन्ध समितिको पूर्ण बैठकले प्रकाशन उपसमितिमा मा० उमाकान्त शर्मा, मा० पुरूषोत्तम बस्नेत र मा० सावित्रा भुसाललाई थप गर्ने र अनुगमन उपसमितिमा मा० श्री किरणकुमार राई र मा० ललिता किङरिङ मगरलाई थप गर्ने निर्णय ।
०६८/३/२२	संविधानसभा गतिविधि-२ मा प्रकाशन गरिने सामग्रीहरू र यस समिति अन्तर्गत गठित अनुगमन उपसमितिबाट अनुगमन सम्बन्धी भएका कार्यहरूको बारेमा जानकारी गराइयो ।

"विविधतायुक्त नेपाल र नेपाली जनताको प्रष्ट अभिव्यक्तिको परिणाम नै वर्तमान संविधानसभा हो"

- सम्माननीय अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ग, संविधानसभा

अन्तर्वार्ता

⇨ ऐतिहासिक संविधानसभाको अध्यक्षको जिम्मेवारी बहन गर्दाखेरीको अनुभूति कस्तो पाउनु भएको छ ?

नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउने चाहना २००७ सालकै हाराहारीमा अभिव्यक्त भएको हो । २००७ साल पहिलेदेखि आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई नेपालको अन्तरिम संविधान अनुसार संविधानसभाद्वारा बन्ने नयाँ संविधानले मात्र संस्थागत गर्न सक्छ । यस्तो ऐतिहासिक संविधानसभाको अध्यक्षको जिम्मेवारी मेरो लागि गर्वको विषय हो र देश तथा जनताप्रति गम्भिर उत्तरदायित्व महशुस गर्दै म निरन्तर कृयाशील छु ।

⇨ नेपालको संविधानसभाका मौलिकताहरू के के हुन् ?

व्यवस्थापिका संसद समेतको जिम्मेवारी पाएको संविधानसभा मुलुकमा रहेको सवै प्रकारका विविधताको राम्रो प्रतिनिधित्व भएको सवै दृष्टिकोणले समावेशी छ । लामो समय शसस्त्र द्वन्दमा रहेको राजनीतिक दल, संसदीय राजनीतिमा रहेका दलहरू, मधेश आन्दोलन पश्चात् स्थापित दलहरू र पंचायती राजनीतिमा सहभागीहरू समेत सवै संविधानसभामा उपस्थित छन् । अपवादलाई छोडेर हिमाल, पहाड र मधेशका सवै जाती, भाषा, धर्म तथा संस्कृतिको प्रतिनिधित्व संविधान सभामा छ । महिलाहरूको ३३ प्रतिशत उपस्थिति छ । यसरी जातीय, भाषिक, लैङ्गिक र क्षेत्रीय सवै दृष्टिकोणले समावेशी संविधानसभाले शुन्यबाट शुरू गरेर तलबाट माथी जाने पद्धतिमा आधारित प्रकृया वमोजिम संविधान निर्माण गरिरहेको छ । जनताद्वारा प्रत्यक्ष निर्वाचित संस्थाको रूपमा मूलभूत सिद्धान्तको पूर्व निर्धारण नगरिएको अवस्थामा निशर्त कार्यादेशको आधारमा संविधानसभा कृयाशील छ र जनताको सहभागितालाई केन्द्रविन्दुमा राखिएको कार्यविधी यसले ग्रहण गरेको छ । नेपालको

संविधानसभाका उल्लेखित मौलिकताहरू एकदमै प्रष्ट छन् भन्ने मलाई लाग्छ ।

⇨ संविधानसभामा मा. सदस्यहरूको भूमिका कस्तो पाउनुभयो ?

विविधतायुक्त नेपाल र नेपाली जनताको प्रष्ट अभिव्यक्तिको परिणाम नै वर्तमान संविधानसभा हो । थुप्रै अप्ठ्यारा र चूनौतीको वावजुद संविधान निर्माणको आधार तयार भएको छ । संविधान निर्माणमा दलहरू केन्द्रित हुने हो भने संविधान वन्ने अवस्था छ । यो स्थिति माननीय सदस्यहरूको कृयाशीलताको नै परिणाम हो । म माननीय सदस्यहरूको भूमिकाबाट सन्तुष्ट छु ।

⇨ संविधान निर्माणमा स्वतन्त्र भूमिका निर्वाह गर्न नपाएको मा. सदस्यहरूको गुनासो सुनिन्छ, यथार्यता के हो ?

संविधान सभाको सम्पूर्ण प्रकृयामा दलहरूको सहभागिता र कृयाशीलता छ । संविधानसभाका समितिहरूको गठन नै दलीय आधारमा हुने व्यवस्था छ र सोही अनुरूप भएका पनि छन् । संविधान निर्माणको अन्तिम चरणमा संविधानको प्रस्तावित व्यवस्था सम्वन्धमा सर्वसम्मति कायम गर्न संविधान सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेताहरूको परामर्शलाई अन्तरिम संविधानले नै वाध्यात्मक संयन्त्रको रूपमा परिकल्पना गरेको छ । तर उल्लेखित दलीय भूमिकाको अर्थ संविधानसभा सदस्यहरूको भूमिका नरहेको भन्ने होइन । यथार्थमा संविधानसभाको समिति देखि पूर्ण वैठकसम्म दलहरूले संविधानसभा सदस्य मार्फत नै आफ्नो पहल र कृयाशीलतालाई स्थापित गरिरहेका हुन्छन् । तसर्थ यसलाई पनि सापेक्षतामा हेर्नुपर्छ भन्ने लाग्छ ।

संविधान निर्माणको प्रकृयामा जनताको प्रत्यक्ष र अप्रत्यक्ष सहभागिताको व्यवस्था गर्दै एकिकृत मस्यौदा तयार हुनु अगाडी र पछाडी गरी दुई पटक प्रत्यक्ष रुपमा जनतामा जनमतको लागि जाने व्यवस्था गरिएको छ । तसर्थ नेपालको संविधान निर्माणको प्रकृया तुलनात्मक रुपमा वढी सहभागितामुलक छ ।

⇨ संविधानसभाले तोकिएको समय भित्र संविधान जारी गर्न नसक्नुको कारणहरू के के हुन् ?

दक्षिण अफ्रिका जस्तो नेपालमा सविधानका मूलभुत सिद्धान्त पूर्व निर्धारण गरिएन । पूर्व सिद्धान्त तय नगरी संविधानसभालाई सःशर्त नवनाउन दलहरू सहमत भए । तर नेपालको अन्तरिम संविधानले संविधान निर्माणको कार्य सम्पन्न गर्न प्रारम्भमा २ वर्षको कार्यावधी भने तोक्ने काम गरेको छ।

संविधान निर्माणको सन्दर्भमा धेरै महत्वपूर्ण कार्य सम्पन्न गर्दा गर्दै पनि पहिलो २ वर्ष कार्यावधीको अन्तिम केही महिना बाँकी रहँदा शान्ति प्रकृया र सरकार वनाउने विषयमा दलहरू वीच उत्पन्न विवाद उत्कर्षमा पुग्दा संविधान निर्माणको प्रकृया पूर्णतः अवरूद्ध वन्न पुग्यो । संविधानसभाको २०६७।४।२ गते वसेको वैठकमा शान्ति प्रकृयामा संविधानसभाको कुनै जिम्मेवारी नरही सरकारमा रहेको, संविधान निर्माण शान्ति प्रकृयाको निष्कर्षको रूपमा रहेको तर शान्ति प्रकृयालाई सार्थक टुङ्गोमा पुऱ्याउने कार्य अपेक्षित रूपमा अगाडि नबढेको, दलहरू वीचको आपसी सम्वन्धमा उतार चढाव आइरहनु , व्यवस्थापिका संसदमा देखा पर्ने राजनीतिक अवरोधले अप्रत्यक्ष रूपमा संविधान निर्माणलाई प्रभावित तुल्याउनु, संविधान निर्माणले पहिलो प्राथमिकता प्राप्त गर्न नसक्नु र भावी संविधानको आधारभूत सिद्धान्तमा पूर्व सहमति नहुनु जस्ता विविध कारणले समयमा संविधान निर्माणको कार्य सम्पन्न हुन नसकेको यथार्थ प्रस्तुत भएको थियो ।

त्यस पश्चात् अहिलेसम्मका घटनाक्रमहरू र स्वयं दलहरूको अभिव्यक्तिहरू प्रष्ट छ । मूल समस्या संविधानको विषयमा छैन । संविधानको सन्दर्भमा देखिएका विमतीका ३ वटा विषयहरू शासकीय स्वरूप, निर्वाचन प्रणाली र राज्यको पुनसंरचनालाई पनि निष्कर्षमा पुऱ्याउन सकिने आधारहरू देखिएका छन् । तर शान्ति प्रकृया, राष्ट्रिय सहमतीको सरकार लगायतका विषयमा दलहरू वीच देखिएको विवादको कारण विवाद समाधान उपसमितिको वैठक सम्म दलहरूले अगाडि वढाई रहेका छैनन् ।

तसर्थ जहाँ समस्या छ त्यही केन्द्रित हौं । विरामीको ठीक पहिचान गरी उपचार गरौं भन्ने मेरो आग्रह छ । पछिल्लो समयमा दलहरू राष्ट्रिय सहमती कायम गर्न निरन्तर संवादमा जुटिरहेका छन् र ठीक दिशातर्फ उन्मुख छन् । आवश्यकता सकारात्मक परिणामको हो ।

⇨ संविधान नबन्नुको दोष मा. सदस्यहरूलाई लगाउदै कतिपय अवस्थामा मा. सदस्यहरू माथि दुर्व्यवहार भएका छन्, त्यो आरोप र आक्रोसलाई तपाईले कसरी लिनु भएको छ ?

संविधानसभा मार्फत संविधान वनाउने विषय तुलनात्मक रूपमा जटिल, खर्चिलो र समय लिने खालको हुन्छ । यो संविधानसभाले वनाउने संविधानले २००७ साल पहिलेदेखि अहिलेसम्मका क्रान्ति र आन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्नुपर्ने जिम्मेवारी छ । संविधानसभाको राजनीतिक लगायत प्रत्येक दृष्टिकोणले विविधतायुक्त उपस्थितिले यो यथार्थलाई प्रष्ट्याउँछ ।

पहिलो पटक देशलाई संघात्मक, लोकतान्त्रिक गणतन्त्रात्मक, प्रत्येक हिसावले समावेशी र धर्मनिरपेक्ष घोषणा गरिएको छ । २००७ साल अगाडि देखि अहिलेसम्मका सवै आन्दोलन र क्रान्तिलाई सम्वोधन गर्दै उल्लेखित ऐतिहासिक उपलब्धीहरूलाई संस्थागत गर्नु छ र यो कार्य संविधानसभाको जटिल प्रकृया मार्फत सम्पन्न गर्नुछ ।

संविधानसभा र माननीय सदस्यहरूले यो जिम्मेवारी पूरा गरेका छन् । संविधान निर्माणको आधार तयार भएको छ । तर माथि उल्लेख भए भै अन्य कतिपय कारणले संविधान निर्माणको आधार तयार हुँदा हुँदै पनि संविधान निर्माणको कार्य पूरा हुन सकेको छैन । यो तथ्य संविधानसभाप्रति ठूलो अपेक्षा राखेका सामान्य जनतालाई बुझाउन सकिएको छैन । दलहरूको यसतर्फ पर्याप्त ध्यान गएको छैन । तसर्थ माननीय सदस्यहरूलाई संविधान नवन्नुको लागि दोष दिएर दुर्व्यवहार गर्नु उपयुक्त हुन्न ।

⇨ समय र प्रक्रियाका हिसावले विश्वका अन्य मुलुकमा संविधान निर्माणका अनुभवहरूलाई नेपालमा भइरहेको गतिविधिसंग कसरी जोडेर हेर्न सकिएला ?

संविधान निर्माणको प्रकृयामा जनताको प्रत्यक्ष र अप्रत्यक्ष सहभागिताको व्यवस्था गर्दै एकिकृत मस्यौदा तयार हुनु अगाडि र पछाडि गरी दुई पटक प्रत्यक्ष रूपमा जनतामा जनमतको लागि जाने व्यवस्था गरिएको छ । तसर्थ नेपालको संविधान निर्माणको प्रकृया तुलनात्मक रूपमा वढी सहभागितामुलक छ ।

विश्वका मुलुकहरूको अनुभव हेर्दा संविधान निर्माणको निश्चित समयावधी तोक्ने र नतोक्ने दुवै अभ्यास रहेको पाइन्छ । प्रस्तुत सन्दर्भमा, मूलभूत सिद्धान्तको पूर्व निर्धारण भएका देशमा मात्र संविधान निर्माणको निश्चित समयावधी तोक्न सकिने र समयावधी भित्र कार्य सम्पन्न गर्न सकिने दक्षिण अफ्रिकाको उदाहरण छ । मूलभूत सिद्धान्त तय नगरिएका देशमा समयावधी निर्धारण गरे पनि सो सम्पन्न गर्न अप्ठ्यारो हुने पाकिस्तान र वोलिभिया जस्ता देशहरूको समेत उदाहरण छ ।

⇨ संविधानसभामा सशस्त्र द्वन्द, शान्ति प्रक्रिया र अन्य विभिन्न आन्दोलनको पृष्ठ भूमिबाट आएका राजनीतिक दलहरूको भूमिका कस्तो पाउनु भएको छ ?

संविधानसभामा राजनीतिक दलहरू शान्ति र संविधानप्रति प्रतिवद्ध छन् । प्रतिवद्धताका साथ कृयाशील पनि छन् । तर कतिपय प्रसंगमा व्यवहारमा देखिएका अप्ठ्याराहरूले असहज स्थिति देखा पर्ने गरेका छन् । प्रस्तुत सन्दर्भमा दलभित्रको विवाद, दलहरू वीचको विवाद र संविधान निर्माणसंग सोझै नजोडिएका विषयहरू सम्वन्धमा दलहरूको विवादले स्थितिलाई असहज र जटिल वनाएको तथ्यलाई भने हेक्का राख्नै पर्छ ।

⇨ संविधानसभाका विषयगत र प्रक्रियागत समितिहरूको भूमिका कस्तो पाउनुभयो ?

संविधानसभाका सवै समितिहरूले आफ्नो भूमिका राम्ररी निर्वाह गरेका छन् । विषयगत समितिहरूले आफ्नो कार्य क्षेत्र भित्र पर्ने विषयमा प्रत्यक्ष र अप्रत्यक्ष प्रकृया मार्फत प्राप्त जनताको सुझावहरूमा आधारित भएर समयमा नै अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गरेका छन् । संविधान वमोजिम आयोग गठन नभएको र पटक पटक मौखिक लिखित ताकेताका वावजुद दलहरूले आफ्नो आधिकारिक दृष्टिकोण पेश नगरेको अवस्थामा समेत विषयगत समितिले आफ्नो जिम्मेवारी पुरा गरेको उदाहरण छ । प्रकृयागत समितिहरू अहिलेसम्म कृयाशिल छन् र संविधान निर्माण भई घोषणा नहुँदासम्म यी समितिहरूले कृयाशील भूमिका निर्वाह गर्नुपर्ने अवस्था छ ।

⇨ अन्तर्राष्ट्रिय समुदायले नेपालको शान्ति प्रक्रिया र संविधान निर्माणलाई कसरी हेरेको छ, यसमा उनीहरूको सहयोग कस्तो पाउनुभएको छ ?

अन्तर्राष्ट्रिय समुदाय नेपालको शान्ति प्रकृया र संविधान निर्माणको प्रकृया प्रति सदासर्वदा सकारात्मक रहेको मैले पाएको छु । केही ढिलाइका वावजुद शान्ति र संविधानको क्षेत्रमा महत्वपूर्ण उपलब्धीहरू हासिल भएको र यसलाई दलहरूले निष्कर्षमा पुऱ्याउनु पर्छ भन्ने अन्तर्राष्ट्रिय समुदायको

प्रष्ट दृष्टिकोण रहेको छ ।

⇨ संविधानसभाले व्यवस्थापिका संसदको हैसियतले समेत भूमिका निर्वाह गर्नुपरेको छ, यी दुवै बीच सन्तुलन मिलाएर अगाडि बढ्दा कस्तो महशुस गर्नुभएको छ ?

अन्य देशमा पनि एउटै सभाले दोहरो दायित्व निर्वाह गरेको उदाहरण छ । विभिन्न कारणले हाम्रोमा संविधान सभालाई दुवै दायित्व सुम्पने काम भयो ।

संविधानसभा र व्यवस्थापिका संसदको दोहोरो दायित्वले अप्ठ्यारो नपरोस् भनेर संविधान, नियम र अभ्यासमा प्रष्टता कायम गर्ने काम भएको छ । दुवै एक अर्कासंग स्वतन्त्र भएकोले संविधानसभाको विषय व्यवस्थापिका संसद र व्यवस्थापिका संसदको विषय संविधानसभामा उठाउन नसक्ने प्रष्ट व्यवस्था गरिएको छ ।

सिद्धान्तमा, दलहरूले पनि यसलाई व्यवहारमा समेत परिपालना गरेका छन् । परिणाम स्वरूप लामो समय व्यवस्थापिका संसद अवरूद्ध हुंदा पनि संविधानसभाको पूर्ण वैठक र समितिको वैठक अवरूद्ध नभएको दृष्टान्त छ ।

तर दल तथा नेताहरू र सदस्यहरू पनि एउटै भएको तथा थलो र परिवेश समेत उही भएको अवस्थामा दलहरू वीच उत्पन्न विवाद तथा कहिलेकाही देखापर्ने तिक्तताले व्यवस्थापिका संसदको सिमारेखा ननाघोस् भन्ने हामी सवैको चाहना विशेषत पछिल्लो समयमा आएर शुभकामनामा नै सीमित हुन पुगेको छ ।

⇨ भाद्र १४ गते भित्र संविधानको एकिकृत मस्यौदा जारी गर्ने भनिएको छ, के यो सम्भव देख्नुभएको छ ?

शान्ति प्रकृयालाई टुङ्गोमा पुऱ्याउनुको विकल्प छैन । कुनै पनि नेपाली हिजोको दुःखद द्वन्दमा फर्कन चाहँदैन । ऐतिहासिक उपलब्धीहरूलाई संस्थागत गर्दै संविधानसभाद्वारा संविधान वनाउनुको पनि विकल्प छैन । यसको लागि जेठ १४ गते भएको ५ वुँदे सहमती कार्यान्वयनको विकल्प छैन । यसको अर्थ प्रतिवद्धता अनुसार संविधानको एकिकृत मस्यौदा तयार गर्नु वाहेक हामीसंग अर्को बाटो छैन । दलहरू अन्यत्र नअलमलिएमा अहिलेसम्म तयार भएको आधारमा उक्त समयावधिमा एकिकृत मस्यौदा तयार गर्न सकिन्छ ।

⇨ जनमतका लागि एकिकृत मस्यौदा लिएर फेरि जनतामाझ कहिले सम्म पुग्न सकिएला ? यस बारे कस्तो कार्यक्रम ल्याउने तयारी गरिरहनु भएको छ ?

पछिल्लो समयमा जेठ १४ गते संविधान सभाको ३ महिना समयावधी थप गर्दा भएको ५ वुँदे सहमतिले भदौ १४ गते सम्ममा संविधानको एकिकृत मस्यौदा तयार गर्ने सहमती गरेको छ र यसलाई व्यवस्थापिका संसदमा प्रवेश गराएर अनुमोदन गरिएको छ । सहमती अनुगमन गर्ने समितिको २०६८ श्रावण ११ गतेको वैठकमा हस्ताक्षरकारी दलहरूले सहमती कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । यस्तो अवस्थामा भदौ १४ गते लगत्तै निश्चित प्रकृया पुरा गरे पश्चात जनमतका लागि मस्यौदा लिएर जनतामाझ जानुपर्ने प्रष्ट छ । यसका लागि नियम वमोजिम आवश्यक तयारी भइरहेको छ र आवश्यक कार्ययोजनाहरूको प्रस्तावित मस्यौदा समेत तयार भइसकेको छ ।

⇨ अहिलेसम्म संविधान निर्माणका क्रममा पटक पटक कार्यतालिका हेरफेर गरिसक्यौ, तर काम भने अझै सकिएको छैन । अव कहिलेसम्म पूर्ण संविधान जारी हुनसक्ला ? यसबारे जनतालाई कसरी आश्वस्त पार्नुहुन्छ ?

संविधानसभाबाट संविधान वनाउने प्रकृया तुलनात्मक रूपमा केही जटिल हुन्छ । प्रकृयाको लागि केही समय लाग्छ । यो समयलाई छोडेर संविधान निर्माणको लागि बाँकी विषयमा दलहरूले जति चाँडो सहमती गर्छन् त्यति नै चाँडो संविधान तयार हुन्छ । तर दलहरू अहिले पनि संविधानको विवादमा नभएर शान्ति प्रकृया र सरकार निर्माणमा अल्झिरहेको देखिन्छ । यसको वावजुद पछिल्लो समयमा दलहरू गम्भिर संवादमा सहभागी भैरहेका छन् । ५ बुँदे सहमतीलाई कार्यान्वयन गर्दै शान्ति र संविधानको आधार तयार गर्नु वाहेक दलहरूको अगाडि अर्को विकल्प छैन ।

⇨ २०६८ जेठ १४ गते यता दलहरूबीच शीर्ष तहमा कुन कुन विषयमा सहमति जुटे र कुन कुन बिषयमा अझै सहमति जुट्न बाँकी रहेका छन् ?

दलहरूका वीच शीर्ष तहमा धेरै महत्वपूर्ण र सकारात्मक सहमती भएको छ । शासकीय स्वरूप, निर्वाचन प्रणाली र राज्यको पुनर्संरचना वाहेक सवै विषयमा सहमति कायम भएको छ । उल्लेखित विषयहरूमा पनि दलहरू वीचको छलफललाई हेर्दा निष्कर्षमा पुग्न सकिने आधारहरू रहेको मैले देखेको छु । तसर्थ संविधानको बिषयमा विवाद भएर प्रकृया अड्किएको नभई यो भन्दा बाहिरको समस्याले संविधान निर्माणको प्रकृया अड्किएको हो भन्ने मैले महसुस गरेको छु ।

⇨ अन्त्यमा, तपाईको भन्नु केही बाँकी छ की ?

दलहरू वीच संविधानसभा निर्वाचन पश्चात् उत्पन्न हुन पुगेको अविश्वास नै मुख्य समस्या हो ।

माओवादी लडाकुहरू क्यान्टोन्मेन्टमा रहेको अवस्थामा संविधानसभाको निर्वाचन भएको हो। अहिले त्यही विषय टुङ्गोमा नपुगी संविधान निर्माणको प्रकृया अगाडि वढ्न नसक्ने अवस्था छ । हिजो दलहरू वीच विश्वास थियो । क्यान्टोन्मेन्टमा माओवादी लडाकु रहँदा पनि निर्वाचन भयो । आज अविश्वास छ तसर्थ शान्ति प्रकृया अगाडि नवढ्दा संविधान निर्माणको प्रकृया अगाडि नवढ्ने अवस्था छ । यो अविश्वासको कारण के हो ? यो अविश्वास कसरी उत्पन्न भयो ? अविश्वासको आधार के हो ? दलहरूले गम्भिर संवाद मार्फत यसलाई सम्वोधन गर्नुपर्छ र विश्वासको आधार तयार गर्नुपर्छ । यसो गरेर नै शान्ति र संविधानलाई टुङ्गोमा पुऱ्याउन सकिन्छ । यस तर्फ लाग्न दलहरूलाई मेरो थप आग्रह छ । ■

"महिलालाई जहिलेसुकै पनि सहयोगी भूमिका दिने र कार्यकारी भूमिका महिलाले निर्वाह गर्न सक्दैनन् कि भन्ने भ्रम रहेको मैले देखे"

- माननीय उपाध्यक्ष पूर्णकुमारी सुवेदी, संविधानसभा

अन्तर्वार्ता

➪ संविधानसभाको तीन वर्षको कार्यकाललाई कसरी समिक्षा गर्नुहुन्छ ?

पहिला त हामी धेरै उत्साहित भएका थियौं । संविधानसभाको उपाध्यक्षको निर्वाचनपछि संविधानसभाका समितिहरूको निर्वाचन र जनताको जनमत तथा राय संकलनहरूको अवधि ०६५ पुष १ देखि ०६६ बैसाख २० गतेसम्मको अवधिमा जति उत्साहित र सक्रिय भएर संविधान लेखनका कामहरू भए लगभग ७५ देखि ८० प्रतिशत काम त्यतिबेलै सम्पन्न भएको हो कि भन्ने मेरो अनुमान छ । त्यसपछिका गतिविधिहरू एकदमै धिमा गतिमा अवरोधका बीचमा अगाडि बढेको हामी पाउँछौं । संवैधानिक समितिको सभापतिका निर्वाचन गर्दा खेरी तीन महिना पद खालि भएर निर्वाचन भयो । त्यसपछिको प्रधानमन्त्री पदको निर्वाचनको श्रृङ्खलाहरू रहे । त्यसकारण संविधान निर्माण भन्दा सरकार निर्माणमा वार्ताहरू भए धेरै समय त्यसमा खर्चिए । तर ती परिणाममा निस्फल पनि रहे उपलब्धिपूर्ण रहन सकेनन् । ध्यान त्यता वढि केन्द्रित भएको जस्तो देखियो । जनतालाई पनि त्यो महशुस भयो । आखिरी व्यवहारतः परिस्थिति त्यस्तो देखियो । जनमत र जनभावनालाई सम्बोधन गर्नुपर्नेमा सही अर्थमा त्यसको कदर र सम्मान हुन सकेन । मलाई त्यस्तो अनुभूति भयो । बदलिएको राजनीतिक परिवर्तनसँगै सबै सोचाईहरूमा रूपान्तरण हुनुपर्नेमा पुरानै सोच शैली र विचारहरूले प्रभाव पाऱ्यो भन्ने पनि मलाई लाग्यो । समीक्षाकै कुरा गर्दा एउटा चरण अलि उत्साहित भएको जस्तो र पछिल्लो चरण अलि निरासा जस्तो देखा परेको छ । त्यसपछिको बीचको थपिएको एक वर्षको अवधि त हामीले लगभग दुई चार बैठकभन्दा धेरै बस्न सकेनौं । त्यसपछिको थपिएको संविधानसभाको म्यादको समीक्षा गरेर संविधानसभाका अध्यक्षले बैठकमा बोलेको समीक्षाले पनि एउटा चित्र देख्न र बुझ्न सकिन्छ । जति तीब्र गतिमा काम हुनुपर्दथ्यो त्यो हुन सकेको छैन । फेरि पनि अलि पछिल्लो चरणमा जुन एउटा कार्यदल बन्यो र संविधानसभामा जनताका रायहरू, विचारहरू र जनताका भावनाहरू संविधानसभाका सदस्यहरूले राखेका विचार र बैठकमा गरेका छलफलहरूबाट उठेका विषयहरूलाई केन्द्रित गरेर एउटा सुझाव संकलन समिति बनेको थियो । ती विषयहरू संकलन गरीसकेपछि धेरै प्रश्नहरू त्यो कार्यदलले हल गरेको छ । अहिले त्यसमध्ये २८ जति

प्रश्नहरू छन् । निराशा नै हुनुपर्ने त म देख्दिन । तर पनि जनताको चाहना अनुसार जसरी जानुपर्दथ्यो त्यो हुन सकिरहेको छैन । फेरि पनि हामी निराश छैनौं उत्साहित नै छौं ।

⇨ हाल संविधान निर्माणको प्रक्रिया कहाँसम्म पुगेको छ ?

संविधान निर्माणका प्रक्रियाको कुरा गर्दा जनताका राय सुझावलाई संकलन गरेर ल्याएका विषयहरूलाई एकीकृत गरेर छलफल गरी एकीकृत र केन्द्रीकृत गर्ने काम भएको छ । संवैधानिक समितिहरूले हल गर्न नसकेका विषयहरू राजनीतिक दलहरूको उच्चस्तरीय वार्ता टोली र विवाद समाधान उपसमिति मार्फत हल गरिएका छन् । मुख्य गरेर राज्यको शासकीय स्वरूप, संघहरूको संरचना, राज्य पुनर्संरचना लगायतका प्रमुख विषय बाहेक अन्य धेरै विषयहरूमा सहमति जुटिसकेको छ । जेठ १४ पछिको शीर्ष राजनीतिक दलहरूबीचको पाँचबुदे सहमतिलाई अनुगमन विशेष समिति भनेर संविधानसभाका अध्यक्षको संयोजकत्वमा १७ जनाको समिति बनेको छ । यसले आफ्ना बैठक र प्रक्रियाहरू पनि शुरू गरेको छ । आफ्ना कामको थालनी गरेको छ । त्यो समितिले शान्तिको विषय कहाँ पुग्यो भनेर रक्षा मन्त्रालयलाई पनि बोलाएर जानकारी लियो र विशेष समितिमा पनि के के भइरहेको छ भनेर कागजपत्रहरू पनि माग गरेको छ । अहिले पछिल्लो निर्णय चाँहि पाँच बुँदे सहमतिका हस्ताक्षरकर्ताहरूलाई बोलाएर शान्ति, संविधानको काम कहाँ पुगे भनेर सोध्ने काम भइरहेको छ । हामीले के सहयोग गर्नुपर्छ भन्ने विषयमा पनि छलफल चलिरहेको छ ।

> "सभासदलाई मात्रै दोष दिएर हुँदैन तर फेरि उनीहरूले बुझ्नु पर्दछ कि उनीहरूको मुख्य जिम्मेवारी त त्यही हो नि । अन्य सबै काम छाडेर बैठकमा ध्यान केन्द्रित गर्नुपर्ने हो । तर त्यसो भएको पाइएको छैन"

⇨ तपाईंको अनुभवमा संविधान निर्माणमा देखिएका मुख्य समस्याहरू के हुन् ?

समस्याहरूको विषयमा हामीले राज्यको जुन केन्द्रीकृत राज्यसत्ता, पुरानै सोच विचारको संसदीय अभ्यासको राजनीतिक प्रणाली र देशको राष्ट्रियताकै सवालमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र आफ्नै स्वनिर्णयमा काम गर्न अलि अप्ठ्यारो परेको स्थिति जो देखिरहेका छौं, हामीलाई जनताले उठाइरहेका छन् । जनताले बेलाबेलामा राष्ट्रियता, स्वाधिनता, स्वतन्त्र राष्ट्रका बारेमा आवाज उठाइरहेका छन् । हाम्रो देश स्वतन्त्र राष्ट्र हो तर पनि राजनीतिक, विचार र आर्थिक रूपमा आत्मनिर्भर र स्वतन्त्र हुन सकिरहेको छैन । जनताले जहिलेसुकै पनि आन्दोलन गरेको छ संघर्षमा साथ दिएको छ समर्थन गरेको छ तर पनि रगत पसिना सबै सहयोग जनताले गरेको छ, ००७ सालको, ०४६ सालको आन्दोलन हेर्नुस् सबै आन्दोलनमा जनताले रगत बगाएको छ । स्वयं म पनि दश वर्षको त्यो महान जनयुद्धबाट लडेर आएको र जनताको भावना विचारसँग जोडिएको नाताले समस्या चाहिं नयाँ सोचमा र नयाँ विचार र जनताको सहयोग र समर्थनको सम्बोधन हुन नसक्दा देखिएका हुन् भन्ने लाग्दछ । जनताले जहिलेसुकै पनि परिवर्तन चाहन्छन् । जवसम्म जनताका चाहनालाई सम्बोधन गरिन्न, आन्दोलनका म्याण्डेट अनुसार अगाडि बढिन्न, जवसम्म जनताको मतलाई कदर गरिन्न तवसम्म जनताले आफ्नो आक्रोस व्यक्त गरिरहन्छन् । अहिले त्यही भएको छ । हामीले गणतन्त्र त पायौं तर जनताले अनुभूति गर्नेगरी परिवर्तनको आभाष दिलाउन सकेनौं । संविधानसभा अगाडि अन्तरिम संविधानमा लेखिएको थियो, सहमतीय प्रणालीको कुरा, त्यसो नगरी संविधानसभाको पहिलो बैठकमा बहुमतीय प्रणालीमा जाने जुन निर्णय गरियो त्यसले पनि संविधान लेखनमा केही प्रभाव पारेको छ ।

संविधान निर्माणमा माननीय सदस्यहरूले चासो नदेखाएको भन्ने आरोप लागिरहेको छ, यो आरोपहरूलाई कसरी लिनुभएको छ ?

सभासदहरूले चासो नदेखाएको भन्न मिल्दैन, किनभने सबै राजनीतिक पार्टीबाट सिफारिस गरेर निर्वाचित भएर आएका सभासदहरू हुन् । व्यवस्थापिका संसदमा पार्टीको ह्वीप लाग्छ तर संविधानसभामा लाग्दैन । संविधानसभा सदस्यहरूले आफ्ना विचारहरू स्वतन्त्ररूपले राखीराख्नुभएको छ । उहाँहरूको नयाँ सोच विचार र धारणाहरू आएको मैले पाउँछु । तर पनि संविधानसभाका सदस्यहरूको त्यति सक्रियता, चासो र रूची भएन भन्ने आरोप आइरहेको छ । यद्यपि कतिपय व्यक्ति विशेषका कार्यशैलीहरू, विचारहरू र जीवन शैलीहरू त आफ्नो ठाउँमा हुन्छन् । तर पनि समग्रमा संविधानसभाका सदस्यहरूको कमजोरीका कारण वा उनीहरूको सक्रियता नहुनाले संविधान लेखिएन भन्ने चाहिं ठीक बुझाई होइन ।

⇨ संविधानसभाका बैठकहरूमा माननीय सदस्यहरूको न्युन उपस्थिति रहने गरेको छ यसको मूल कारण के हो ?

संविधानसभाको बैठकमा त्यति न्युन त होइन । यसमा बोलेको रेकर्ड गर्ने कुरा हो । सहभागिता भइरहनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेनछ । तर त्यसो भनेर मात्रै पुग्दैन । हाम्रा

सभासदहरू त संविधान सभा र व्यवस्थापिका संसदको दोहोरो भूमिकाका छन् । पछिल्लो चरणमा व्यवस्थापिका संसदकै काम बढी भएको छ जुन सरकारसँग नै जोडिएको हुन्छ । सभासदलाई मात्रै दोष दिएर हुँदैन तर फेरि उनीहरूले बुझ्नु पर्दछ की उनीहरूको मुख्य जिम्मेवारी त त्यही हो नी । अन्य सबै काम छाडेर बैठकमा ध्यान केन्द्रीत गर्नुपर्ने हो । तर त्यसो भएको पाइएको छैन । जनताले हामीलाई यही कामका लागि पठाएका हुन् भनेर उनीहरूले बुझ्न आवश्यक छ । बैठकको शुरूदेखि अन्तिमसम्म बस्नुपर्दछ । तर पनि फेरि सभासदहरू राजनीतिक दलका नेताहरू पनि भएकाले जनताका बीचमा जानुपर्ने हुन्छ, गुनासा सुन्नुपर्ने हुन्छ त्यो बाध्यतालाई पनि सबैले बुझिदिनुपर्दछ । अनावश्यक रूपमा बाहिर हिंड्नुभन्दा बैठकमा उपस्थित हुनु नै राम्रो हो । त्यसलाई आफ्नो ड्युटिको रूपमा बुझ्न म आग्रह गर्दछु ।

⇨ आम मानिसले अनुभूति गर्ने गरी संविधानसभाले गरेका काम के के होलान् ?

अनुभूति गर्ने गरेर विषयगत समितिहरू बाट छलफल भएर संकलित भएर आएका विषयहरू छन् । आयोग बनाउने कि नबनाउने भन्ने विषय टुङ्गयाइएको छैन । पहिलो निर्वाचित सरकारले आयोग बनाउन खोज्यो तर पूरा हुन पाएन त्यो त्यत्तिकै रह्यो । त्यसपछिको सरकारका पालामा बनेन । अहिले समयको अभाव छ यस बेलामा एउटा विशेष समिति वा केही बनाएर सीमाङ्कन, नामाङ्कन र प्रदेशहरूको विषयमा विशेषज्ञहरूबाट सुझावहरू आएपछि सजिलो हुन्थ्यो भन्ने भावना पनि छ । अव त करिव करिव यी विषय टुङ्गो लागेपछि संविधानको पहिलो मस्यौदा तयार हुन्छ ।

⇨ संविधानसभा जाति, क्षेत्र, लिंग र समुदायको उपस्थितिका हिसावले उत्कृष्ट मानिन्छ, सो अनुरूप सार्थक सम्बोधन हुने गरी काम भएका छन् त ?

काम भएका छैनन् भन्न मिल्दैन, काम भएका छन् । यसलाई लिपिवद्ध गरेर परिणाममा यो यो भयो भनेर प्रष्ट पार्न बाँकी छ । तर काम नभएको चाहिं होइन ।

⇨ तपाई महिला भएको नाताले अब बन्ने संविधानमा महिलाका हक हित र समानताका विषयहरू कसरी सम्बोधन गरिने विश्वास दिलाउनुहुन्छ ?

महिला त हिजोदेखि सामन्ती पुरूष प्रधान समाजबाट पछाडि पारिएको समुह हो । त्यसकारण महिलाहरूका राजनीतिक आर्थिक, समाजिक, साँस्कृतिक अधिकार, सामाजिक न्याय लगायतका थुप्रै विषयहरूमा जुन अधिकार पाउनुपर्ने हो त्यसबाट पछाडि छन् । थुप्रै आन्दोलनहरूमा महिलाहरूलाई अगाडि राखिन्छ तर उपलब्धि पाउने बेलामा महिलालाई पछाडि पारिदै आइएको छ । आन्दोलनका उपलब्धि जति पुरूषले प्राप्त गरेका छन् त्यति महिलाहरूले पाएका छैनन् । महिलाहरूले समान अधिकार पाउनुपर्दछ । महिला हुनुकै नाताले महिलालाई पछाडि पारिनु हुन्न, राज्यका हरेक अंगमा महिलाहरूको समान सहभागिता हुनु अनिवार्य छ भन्ने हाम्रो मान्यता हो । हिजो जनयुद्धमा सेनामा महिलाहरूको सहभागिता चालिस प्रतिशत थियो, त्यो देखेपछि नेपाली सेनामा पनि सेनाको सहभागिता गराउने कामको शुरूवात गरियो । महिलाहरू कुनै ठाउँमा कम छैनन् । महिलाहरू क्षमताविहीन, कमजोर छैनन् । अवसर पाएपछि उनीहरू आफूले क्षमता देखाउन सक्छन् । उनीहरू अयोग्य छैनन् । त्यसकारण महिलाहरूलाई घरेलु हिंसाका, स्वास्थ्य सम्वन्धी प्रजनन् हकका विषयलगायत सबै विषयलाई समेटेर महिला मैत्रि संविधान बनाउनुपर्छ, बन्छ ।

⇨ संविधानको पहिलो मस्यौदा कहिलेसम्म तयार हुन्छ भन्ने लाग्छ ?

भदौ १४ गते मित्र यो मस्यौदा ल्याउनुपर्छ जनतामा जानुपर्छ भन्ने नै हो । अहिलेसम्मको स्थिति हेर्दा सबैलाई विश्वस्त तुल्याउने वातावरण त बनेको छैन । आशंकाहरू छन् । तर पनि हाम्रो आफ्नै अभ्यास र राजनीतिक दलहरूका आफ्नै अभ्यास र परम्परा के बन्यो भने पार्टीहरू विवाद गर्छन्-गर्छन्, अनि अन्त्यमा आएर फेरि एक ठाउँमा निष्कर्षमा पुग्छन् । राजनीतिक दलका शीर्ष नेतृत्वले गम्भिरतासाथ लिनुपर्दछ किनकी अहिलेको यो संक्रमणकालमा राज्यलाई सही ढंगले व्यवस्थापन गर्न सकेनौं भने शान्ति र संविधानको विषयलाई अगाडि बढाउन सकेनौं भने सम्हाल्न गाह्रो हुन्छ । फेरि पनि राजनीतिक दलका शीर्ष नेताहरूले बुझ्नुभएको छ । सबै दलका नेताको जीवन र इतिहाससँग यो प्रश्न जोडिएको छ । हामी त राजनीतिक प्राणीहरू, हामीले सबै जीवन नै यसैको लागि खर्चियौं भने जनताले हाम्रो पाइला पाइलामा परीक्षा गरेका छन्, हाम्रा आचरण, स्वभाव, शैली व्यवहार सबैलाई जनताले नियालिरहेका छन् । विचारको अभिव्यक्ति व्यवहारबाट हुन्छ । जतिसुकै गफ गरेपनि व्यवहारमा त्यो लागू भयो भने सबैले स्यावासी पाउने र इतिहास कायम हुने कुरा हुन्छ अन्यथा कसैको भविष्य सुनिश्चित हुन्न् । हामीले प्रतिवद्धता त गर्छौं, तर व्यवहारमा अभिव्यक्त गर्दैनौं भने आफ्नो इतिहास आफैंले सक्नेछौं, हामी सबैको अस्तित्वमाथि प्रश्न उठ्छ । हामी इतिहासमा जनताको आशा र भरोसाको केन्द्रबाट निराशा र तिरस्कारको केन्द्र बन्ने स्थिति आउन सक्छ । त्यसकारण यो निर्णायक अवस्थामा सबैले सोचेर अगाडि बढ्न आवश्यक छ । सबै परीक्षामा छौं, यसमा को पास र को फेल हुने भन्ने त इतिहासले मूल्यांकन गर्ला । त्यसकारण असाध्यै जिम्मेवारी र उत्तरदायित्वका साथ हाम्रा प्रतिबद्धता पूरा गर्नुपर्दछ । त्यसो गर्न अहिल्यै निराश भइहाल्नुपर्ने स्थिति म देख्दिन । अहिले धेरै आशंका गरेर समयमा संविधान बन्दैन कि, समयमा संविधानको मस्यौदा दिन सकिदैन कि भनेर निराश हुने होइन सबैलाई उत्साहित पार्दै अगाडि बढ्न आवश्यक छ । यसो गऱ्यौं भने हामीले भदौ १४ मा संविधानको मस्यौदा दिन सक्छौं । त्यो हाम्रो प्रतिबद्धता हो, जिम्मेवारी हो ।

> "भदौ १४ गते मित्र यो मस्यौदा ल्याउनुपर्छ जनतामा जानुपर्छ भन्ने नै हो । अहिलेसम्मको स्थिति हेर्दा सबैलाई विश्वस्त तुल्याउने वातावरण त बनेको छैन । आशंकाहरू छन् । तर पनि हाम्रो आफ्नै अभ्यास र राजनीतिक दलहरूका आफ्नै अभ्यास र परम्परा के बन्यो भने पार्टीहरू विवाद गर्छन्-गर्छन्, अनि अन्त्यमा आएर फेरि एक ठाउँमा निष्कर्षमा पुग्छन् ।"

⇨ संविधान निर्माणमा राजनीतिक दल, नागरिक समाज र अन्य पक्षको कस्तो भूमिकाको अपेक्षा गर्नुभएको छ ?

संविधान निर्माणमा सबै पक्षको भूमिका आवश्यक छ । राजनीतिक दल र तीनका शीर्ष नेताहरूको भूमिका सबैभन्दा बढी छ किनभने जनताले उहाँहरूबाट धेरै आशा गर्नुभएको छ । पटक पटकको आन्दोलनपछि परिवर्तनको खासै अनुभूति गर्न जनताले सकिरहेका छैनन् । संविधानसभाबाट संविधान निर्माण हुँदैछ, यस्तो बेलामा जनताका भावना र आकांक्षाहरूलाई सम्बोधन गर्न सकिएन भने फेरि जनता निराश हुन्छन् । तसर्थ, यस विषयमा अत्यन्त गम्भीर र जिम्मेवार भएर प्रस्तुत हुन म आग्रह गर्न चाहन्छु । त्यसैगरी नागरिक समाजले बाहिरबाट झक्झक्याउने र जनतालाई सुसूचित र जागरूक बनाएर समयमै संविधान र राम्रो परिवर्तनमूखि संविधान ल्याउन आवाज बुलन्द गर्न आग्रह गर्दछु । त्यसैगरी समग्र जनताले निराश भएर होइन आशावादी भएर धैर्यताको साथ संविधान निर्माणमा सुझाव सल्लाह दिन तथा रचनात्मक सहयोग गर्न अपील गर्दछु । यसरी मात्रै हामीले हाम्रो र राम्रो संविधान समयमा पाउँन सक्छौं ।

⇨ अन्त्यमा तपाईंको केही भन्नु छ कि ?

मेरो भूमिका सहयोगी भूमिका हो, कार्यकारी होइन, मैले धेरै अनुभूति गरें । महिलालाई जहिलेसुकै पनि सहयोगी भूमिका दिने र कार्यकारी महिलाले सक्दैनन् कि भन्ने भ्रम रहेको मैले देखें त्यो सोचबाट मुक्त हुन जरूरी छ । महिलाहरूले आफ्नो सामर्थ्य देखाएका छन् । महिलाले कार्यकारी भएर काम गर्न सक्छन् भन्ने सिंगो महिला आन्दोलनले देखाएको छ । फेरि यसो भनेर मैले मेरो महत्वकांक्षा दर्शाएको होइन त्यो रूपमा बुझिनु अन्याय हुन्छ । महिलाहरूले सबै क्षेत्रमा समान अवसर र सहभागिता पाउनुपर्दछ । त्यो सहयोगले मात्रै हाम्रा अभियान र लक्ष्य सफल हुन्छन् । यो विषयमा राज्यका हरेक अंगमा अन्तरिम संविधानमा लेखिएका ३३ प्रतिशत लागू हुन सकेको छैन । नीति बनाउने मात्रै ठूलो विषय होइन कार्यान्वयन प्रमुख कुरा हो । हामीले अब बन्ने संविधानमा ५० प्रतिशत महिला सहभागिता हुनुपर्छ भनिरहेका छौं । यस विषयमा सबैले गम्भीर ढंगले सोच्न जरूरी छ । अन्त्यमा, अहिले हामी इतिहासको अत्यन्त संगीन र महत्वपूर्ण घडीमा आइपुगेका छौं । यतिवेला हामी र अझ खासगरी संविधानसभाका प्रतिनिधीहरूले गर्ने व्यवहारले धेरै ठूलो महत्व राख्दछ त्यसैले म सबै सभासद मित्रहरू, आम जनसमुदाय सबैमा सकारात्मक कोणबाट विषयलाई बुझ्न र आफ्नो जिम्मेवारीप्रति इमान्दार बन्न अपील गर्न चाहन्छु । ■

"संविधानमा सहमति बन्न नसक्नुमा केही कारणहरू छन् जस मध्येको प्रमुख कारण हो विभिन्न राजनीतिक दर्शन"

- मा. श्री निलाम्बर आचार्य, सभापति संवैधानिक समिति

अन्तर्वार्ता

⇨ २०६८ जेठ १४ मा संविधानसभाको म्याद थपिए पछि अहिलेसम्म संविधान निर्माण कार्य कहाँ पुगेको छ ?

संवैधानिक समितिमा विवादसहित सबै प्रतिवेदन आइसकेपछि ती विवाद समाधान गर्नका निम्ति उपसमिति गठन गरिएको थियो । जेठ १४ पश्चात त्यो उपसमितिलाई निरन्तरता दिइएको छ र त्यसले आफ्नो काम अघि बढाएको छ । त्यसले एकपटक आफ्नो प्रतिवेदन पनि दिईसकेको छ । अहिले उपसमितिमा विवादित विषयहरू रहेका छन् । ती विषयमा उपसमितिले केही सहमति कायम गरेको छ भने केही विषय सहमति हुन बाँकी छन् । खासगरेर शासकीय स्वरूप, निर्वाचन प्रणाली र राज्य पुनर्संरचना सम्बन्धी कुराहरू महत्वपूर्ण रहेका छन् । पहिले ७८ वटा विवादित विषय थिए । तिनलाई उपसमितिले २५ वटा विषयमा झारेको छ । त्यस्तै केही कुरामा जेठ १४ अघि समझदारी भई सकेको भएतापनि निर्णय गर्न बाँकी रहेको अवस्था थियो । जस्तो संवैधानिक अदालत र सर्वोच्च अदालतका बीचमा अधिकार क्षेत्रको बाँडफाँड बारे, व्यवस्थापिका संसदमा प्रतिनिधि सभा र राष्ट्रिय सभाको बनौट र त्यसको निर्वाचन प्रणाली कस्तो हुने, तिनीहरूको अधिकारको बाँडफाँडको कुरा आदि थिए । यस क्रममा जेठ १४ पश्चात उपसमितिले नेपाल बार एशोसिएशन सहितका अधिवक्तासँग परामर्श गरेको छ । पछिल्लो समय उपसमिति एउटा महत्वपूर्ण विषयमा गम्भीर छलफलमा प्रवेश गरेको छ । जस्तो शासकीय स्वरूप सम्बन्धमा र त्यो छलफल यो कुरा गरि रहँदाको अवस्थासम्म टुंगिएको छैन । निर्णय लिन बाँकी नै छ । यसमा राजनीतिक गृहकार्यको आवश्यकता पर्न गएको देखिन्छ । स्वयं पार्टी भित्र र पार्टी-पार्टी बीचमा पनि गम्भीर विषय छलफलको निर्णायक चरणमा प्रवेश गरिएको अवस्था अहिले छ । यो विषयलाई सम्बन्धित पार्टी भित्र पनि टुङ्ग्याउनु पर्छ । अन्तरपार्टी र पार्टी-पार्टीका बीचमा पनि यसलाई टुङ्गो लगाउनु पर्दछ । यसका साथै हामीले के विर्सनु हुन्न भने जेठ १४ मा संविधानको नवौं संशोधन गर्दा र तीन महिना कार्यकाल थप्दा व्यवस्थापिका संसदले पाँच बुँदे सहमतिलाई अनुमोदन गरेर व्यवस्थापिका संसदको सम्पत्ति बनाएको छ । त्यसकारण यी पाँचै बुँदा कार्यान्वयन गर्नुपर्ने हुन्छ । एउटा बुँदा कार्यान्वयन भएको छ बाँकी चार बुँदा पनि कार्यान्वयन भयो भने एउटा राम्रो र सकारात्मक वातावरण बन्न जान्छ । यसमा पनि राष्ट्रिय सहमति निर्माणमा प्रगति अनिवार्य छ । शान्ति प्रकृया र संविधान राष्ट्रिय सहमतिबाटै हुन्छन् । त्यसकारण अहिले राष्ट्रिय सहमति र त्यसका लागि विश्वासको वातावरण बन्न जरूरी छ । यसले मुलुकलाई सामान्य स्थितितर्फ फर्काउन मद्दत गर्दछ । यी सबै एक अर्कासँग जोडिएको हुँदा कुनै एउटा विषयमा प्रगति नहुँदा यसले अर्कोतिर पनि नकारात्मक प्रभाव पार्छ ।

⇨ जेठ १४ मा म्याद थपिएपछिको र अघिको अवस्थामा कार्यहरु सम्पन्न गर्न तदारुकता बढे घटेको कस्तो पाउनु भयो ?

म्याद थपिनासाथ सकृयता बढेको थियो । जस्तो शासकीय स्वरूपमा यही बेला प्रवेश गरिएको हो, राज्य पुनर्संरचना, राज्य शक्तिको बाँडफाँड सम्बन्धी समितिको प्रतिवेदन माथि छलफल टुङ्गाएर उपसमितिमा आएको हो । त्यसकारण शुरूमा केही प्रगति भएका थिए तर पछिल्ला समयमा त्यसले निरन्तरता पाउन सकेन ।

⇨ सहमति हुन बाँकी विषय के-के हुन् ?

प्रमुख विषय त शासन प्रणाली सम्बन्धी छ र त्यसै अन्तरगत निर्वाचन प्रणाली पनि आउँछ । दोस्रो विषय व्यवस्थापिका कस्तो हुने र त्यसको संख्या कति तथा कसरी निर्वाचित हुने भन्ने महत्वपूर्ण रहेको छ । दुई सदनको व्यवस्थापिका भएपछि त्यसको कार्यक्षेत्र, अधिकार पनि यस अन्तर्गत पर्छ । तेस्रो न्यायप्रणाली सँग सम्बन्धित छ । स्वतन्त्र न्यायपालिकाको अवधारणामा सहमति भएको छ र यसलाई कसरी कार्यान्वयन गर्ने, संविधानको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई हुने कि अर्को संवैधानिक अदालत गठन

गर्ने अथवा व्यवस्थापिका भित्रैको समितिबाट गर्ने भन्नेमा विवाद रहेको स्थिति छ । मोटामोटी रूपमा संवैधानिक अदालतमा धारणा बनिसके पनि त्यो कसरी गर्ने भन्ने त्यसको क्षेत्राधिकार समेतले अन्तिम रूप पाएको छैन । यी सबैले मुख्य विवाद भनेको शासन प्रणाली, न्याय प्रणाली, व्यवस्थापिका र यी तीन अंगका बीच के कस्तो सम्बन्ध हुने भन्ने नै रहेका छन् । यसका अतिरिक्त केही विषय, जस्तै मौलिक हक, राष्ट्रिय हित आदिमा छुटपुट विवाद रहेका छन् । संवैधानिक आयोग कति र के के हुने भन्ने पनि यसभित्र पर्छन । कतिपय विषय समितिले टुङ्ग्याए पनि फरक मतहरूका बारे सभासदहरूले कुरा उठाई राख्नु भएको छ । जस्तै नागरिकता, अल्पसंख्यक, जनजातिका क्षेत्राधिकार आदि छन् । यी मध्ये टुङ्गोमा पुग्न नसकेको राज्य पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड महत्वपूर्ण छन् । अन्तरिम संविधानमा राज्य पुनर्संरचना आयोग गठन गर्ने भनिएको छ । यता संविधानसभाको विषयगत समितिले आफ्नो प्रतिवेदन बुझाई सक्यो । अन्य विषयगत समितिबाट बहुमतका आधारमा प्रतिवेदन आए तर शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदन त बहुमतको निर्णयबाट पनि आउन सकेन । शासकीय स्वरूप आधारभूत कुरा हो । त्यो कस्तो बन्छ त्यसबाट अन्य कुरा निर्धारित हुन्छन् । त्यसकारण यो विवाद कायमै रहनु भनेको अन्य विवाद फर्स्यौटमा बाधा पुग्नु हो ।

> "यदि सहमतिको सरकार भएको भए एकिकृत नेतृत्व र विभिन्न दलहरूका प्रभावशाली नेताहरू सरकारमा सहभागी भई दिएको भए परिस्थिति सुदृढ हुने थियो ।"

⇨ संविधानका विषयमा सहमति बन्न नसक्नुका कारण के होलान् ?

सहमति बन्न नसक्नुमा केही कारणहरू छन् जसमध्येको प्रमुख हो विभिन्न राजनीतिक दर्शन । त्यसका बीचमा मिलनविन्दु खोज्न गाह्रो छ । हाम्रो संवैधानिक संरचनामा जस्तो सोच छ त्यसमा एकरूपता नहुँदा यो स्थिति आएको हो । हामीले कस्तो किसिमको राजनीतिक प्रणाली बनाउने भन्ने आधारभूत कुरामा पहिले नै सहमति भएको भए अनि संविधानका विषयमा सहमति हुन्थ्यो । दोस्रो, संविधान निर्माण कार्य मुलुकभित्र संविधानसभाले गर्ने हो । संविधानसभा व्यवस्थापिका संसदको रूपमा पनि काम गर्छ । यसकारण त्यो सरकार गठन र विघटनको काममा पनि संलग्न हुने भयो । संविधानसभाले गर्ने र व्यवस्थापिका संसदले गर्ने भन्नुको अर्थ त्यहा राजनीतिक पार्टीहरू रहेका छन् भन्ने स्पष्ट हुन्छ । उनका आ-आफ्नै भूमिका हुन्छन् । त्यसैले समग्र राजनीतिक परिस्थिति अनुकूल हुनु पर्ने हुन्छ । यो परिस्थिति भन्दा पृथक रहेर संविधान निर्माण हुने स्थिति छैन । राजनीतिक स्थिति जस्तै नेतृत्व स्थायी नहुने, निरन्तर परिवर्तन भईरहने, सरकार बनाउने र हटाउनेमा धेरै समय खर्च हुँदै आयो । राजनीतिक पार्टीहरूको बीचको सम्बन्ध, राजनीतिक पार्टी भित्रै विभिन्न गुटहरूका बीचको सम्बन्धले पनि असर पार्‍यो । मुलुकको समग्र राजनीतिक नेतृत्व एकिकृत हुन नसक्नु र विभाजित रहनुले पनि यो समस्या आएको हो । यदि सहमतिको सरकार भएको भए एकिकृत नेतृत्व र विभिन्न दलहरूका प्रभावशाली नेताहरू सरकारमा सहभागी भई दिएको भए परिस्थिति सुदृढ हुने थियो । तेस्रो कुरा, हामीले विर्सनु हुन्न सशस्त्र द्वन्द्व पश्चात नेपालमा परिवर्तन भएको हो । त्यसकारण त्यो द्वन्द्वका सबै परिणाम र असरहरू, हिंसाका पीडाहरूलाई सम्बोधन हुनुपर्थ्यो । यो भनेको शान्ति प्रकृया टुङ्गो लाग्नु, हतियार व्यवस्थापन, माओवादी लडाकुको समायोजन र पुर्नस्थापन भई सक्नु पर्ने थियो । अर्कोतर्फ सत्य निरूपण आयोग गठन गरेर मेलमिलापको वातावरण बनाउने त्यस्तै वेपत्ता खोजविन आयोग बनेर तिनको खोजी, नागरिकहरूले आफ्नो गाउँ ठाउँमा आफ्नो सम्पति उपभोग गर्ने र कब्जा गरिएको सम्पति फिर्ता पाउने तथा एउटा मुलुकमा कानून पनि एउटा नै लागू हुनु पर्ने हुन्थ्यो । यी सबैले वातावरणलाई सामान्य बनाउथ्यो । युद्धका घाउहरू र सशस्त्र द्वन्द्वमा पक्ष विपक्ष भन्दै हतियारको र सैन्यवलको पर्खाल कायम रहेको स्थिति अन्त्य भएर वातावरण सामान्य बन्नुपर्दथ्यो । शान्तिप्रकृयामा प्रगति हुन नसक्नुले पनि एक अर्काप्रति विश्वास बढ्न सकेन । अर्कोतर्फ सशस्त्र द्वन्द्वले पुऱ्याएका भौतिक क्षतिहरूको पुनर्निर्माणको काम भएन । हामी माओवादी लडाकुहरूको समायोजन र व्यवस्थापन त भन्छौं तर साथ साथै द्वन्द्वका कारण ध्वस्त भएका संरचनाहरूको पुनर्निर्माण भई सकेर हामी शान्तिपूर्ण चरणमा प्रवेश गऱ्यौं भन्ने तर्फ पनि प्रगति भएको छैन । यसरी मुलुकलाई सामान्य अवस्थामा फर्काउन नसक्दा अहिले अप्ठेरो स्थिति आएको हो ।

⇨ भदौ १४ सम्ममा मस्यौदा ल्याउन सकिएला ?

आज तपाईसँग कुरा गर्दा जे जस्तो अवस्था छ, त्यो त्यति उत्साहवर्धक छैन । तर हाम्रो प्रवृति के देखिएको छ भने आज उत्साहवर्धक छैन तर भोलि केही नयाँ आशलाग्दा र सकारात्मक उपलब्धीतर्फ प्रगति भई दिन सक्दछ । सेलायो सेलायो, फेरी तात्यो, फेरी तात्यो अनि फेरी सेलायो अहिलेसम्म यस्तो देखिएको छ । सँधै तात्ति रहने र त्यस्तै सँधै सेलाई रहने पनि देखिएन । तातिरहने प्रवृतिमा प्रवेश गर्ने हो भने जहाँसम्म संविधान निर्माणको कार्य छ त्यसको मस्यौदाको तयारी गर्नमा अप्ठेरो पर्ने छैन । यदि राजनीतिक सहमति हुन्छ र विवाद समाधान हुन्छन् भने मस्यौदा तयारीको प्रारम्भिक कामले खासै समय लिने छैन, त्यो भदौ १४ अगावै सम्पन्न गर्न सकिने छन् । तर आजको स्थिति र बुझाईले जे देखिन्छ त्यो त्यति उत्साहवर्धक छैन ।

⇨ संविधानका विषयमा केही सोध्न वा भन्न बाँकी रह्यो कि ?

छैन, धन्यवाद । ■

संवैधानिक समिति अन्तर्गत गठित विवाद समाधान उपसमितिका संयोजकबाट संवैधानिक समितिको बैठकमा पेश भएको आवधिक प्रगति प्रतिवेदन (२०६८/३/१९)

माननीय सभापतिज्यू,

संवैधानिक समितिको मिति २०६८/२/१८ मा बसेका बैठकले समिति अन्तर्गत गठित यस विवाद समाधान उपसमितिको कार्यवधि गत २०६८ साल ज्येष्ठ १४ गते देखि नै लागू गरी उपसमितिले आफूलाई दिएको कार्यभार सम्पन्न नभएसम्म निरन्तर कायम रहने र उपसमितिले प्रत्येक १०/१० दिनमा संवैधानिक समिति समक्ष कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्ने निर्णय गरेको माननीय सदस्यज्यूहरूलाई जानकारी नै छ । विविध कारणले गर्दा समितिको बैठक आह्वान गर्न केही ढिलाई हुन गएकोले समितिको निर्णय बमोजिम निर्धारित समयावधि भित्रै कार्य प्रगति प्रतिवेदन पेश गर्न नसकेकोमा म माननीय सभापतिज्यू मार्फत समितिसमक्ष सर्वप्रथम क्षमायाचना गर्दछु ।

२०६८/२/१८ पश्चात हालसम्म उपसमितिका ५ वटा बैठक सम्पन्न गरिएको छ । उपसमितिबाट अहिलेसम्म भएका निर्णयहरू बारे म अब समितिलाई जानकारी गराउन चाहन्छु ।

१. सत्रौं बैठक (मिति २०६८/२/२६) बाट भएको निर्णय

संवैधानिक समितिको सचिवालयबाट गृहकार्य भई परामर्शका लागि पेश भएको संवैधानिक समितिको आन्तरिक कार्यतालिका माथि सामान्य छलफल भई उक्त प्रस्तावित आन्तरिक कार्यतालिका छलफलका लागि आगामी संवैधानिक समितिको बैठकमा पेश गर्न सिफारिस गर्ने ।

२. अठारौं बैठक (मिति २०६८/२/२७) बाट भएको निर्णय

१. राज्य पुनर्संरचनाको विषयमा राजनीतिक तहमा छलफल, परामर्श र गृहकार्य आवश्यक रहेको महसुस भएकोले केही दिन उक्त विषयमा राजनीतिक तहमा छलफल र परामर्श गर्ने ।

२. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विषयहरूमध्ये केही विषयमा एक भन्दा बढी प्रश्नहरू रहेका, कतिपय प्रश्नहरू दोहोरिएका र कतिपय विषय अन्य समितिको प्रतिवेदनमा समेत विवादित विषयको सूचीमा परेको अवस्था रहेकोले समितिको सचिवालयले सबै विवादित प्रश्नहरूको अध्ययन र विश्लेषण गरी पुनर्व्यवस्थित गर्न र विवादको संख्यालाई साँघुरो पार्नको लागि के गर्न सकिन्छ सो सम्बन्धमा आवश्यक गृहकार्य गरी उपसमितिको आगामी बैठकमा पेश गर्ने ।

३. उन्नाईसौं बैठक (मिति २०६८/२/३१) बाट भएको निर्णय

देहायका विषयमा अध्ययन गरी सात दिनभित्र सुझाव सहितको प्रतिवेदन उपसमितिमा पेश गर्न मा० श्री लक्ष्मणलाल कर्ण, मा० श्री राधेश्याम अधिकारी, मा० श्री अग्निप्रसाद खरेल, मा० श्री खिमलाल देवकोटा र मा० श्री सपना प्रधान मल्ल रहनु भएको गृहकार्य टोली निर्माण गर्ने ।

१. राज्यको शासकीय स्वरूप, निर्वाचन प्रणाली, मौलिक हक तथा निर्देशक सिद्धान्त र संवैधानिक समितिको प्रतिवेदनमा टुंगो लगाउन बाँकी रहेका २२ वटा विषयमा के कसरी सहमति कायम गर्न सकिन्छ सोको प्रस्ताव तयार पार्ने ।

२. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विवादका विषयहरूलाई पुनर्व्यवस्थित गर्न र विवादको संख्यालाई साँघुरो पार्नको लागि गर्न सकिने उपायको सम्बन्धमा समितिको सचिवालयले आज उपसमितिमा प्रस्तुत गरेको सुझाव अध्ययन गरी कुनै सुधार गर्नु पर्ने भए सो सिफारिस गर्ने ।

४. बिसौं बैठक (मिति २०६८/३/१३) बाट भएको निर्णय

"संवैधानिक समितिको सचिवालय र उपसमिति अन्तर्गत बनाईएको गृहकार्य टोलीको सुझावको आधारमा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ मध्ये छरिएर रहेका एउटै विषयसँग सम्बन्धित विवादहरूलाई एउटै बुँदामा समेटने, संविधानसभाबाट पहिले नै निर्णय भएका विषयसँग सम्बन्धित विवादलाई अब कायम नराख्ने र अन्य समितिको प्रतिवेदनमा रहेका विवादलाई नदोहोऱ्याउने दृष्टिकोणबाट राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी विवादका विषयलाई २५ वटा प्रश्नमा समेट्ने र सो आधारमा सहमतिका लागि छलफल अघि बढाउने ।"

५. एक्काईसौं बैठक (मिति २०६८/३/१६) बाट भएको निर्णय

"संविधानसभाको न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदनमा रहेका विवाद समाधान गर्ने सन्दर्भमा यस उपसमितिमा छलफल हुँदा संविधानसँग कानून बाझिएको भन्ने प्रश्न र संघीय इकाईहरूबीच उत्पन्न हुने संवैधानिक विवादको निरूपण गर्न अलग संवैधानिक अदालतको स्थापना गर्ने र नेपालको प्रधानन्यायाधीश नै संवैधानिक अदालतको पदेन अध्यक्ष हुने सैद्धान्तिक सहमति भएको र संवैधानिक अदालत तथा सर्वोच्च अदालतको अधिकारक्षेत्र लगायतका विषयमा विस्तृत गृहकार्य गरी कार्यदलले प्रतिवेदन समेत पेश गरेको सन्दर्भमा उक्त विषयमा आगामी असार २० गते सोमबार विहान ८:३० बजे नेपाल बार एशोसिएशनसँग परामर्श गर्ने । सो प्रयोजनको लागि संवैधानिक कानूनको विशेष ज्ञान र अनुभव भएका नेपाल बार एशोसिएशनका पदाधिकारीमध्ये वा वरिष्ठ अधिवक्ता वा अधिवक्तामध्ये ७ जना कानूनविद छनौट गरी परामर्शका लागि पठाईदिन नेपाल बार एशोसिएशनलाई अनुरोध गर्ने ।"

उक्त वैठकमा राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रतिवेदनसँग सम्बन्धित संघको शासन प्रणाली के हुने भन्ने विषयमा केन्द्रित रही छलफल प्रारम्भ भएको छ । उक्त छलफल जारी रहेको छ ।

उपसमितिको तर्फबाट,

संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'

संविसधानसभा र यस अन्तर्गतका विभिन्न संयन्त्रहरुबाट संविधान निर्माणको क्रममा हालसम्म सम्पन्न भई सकेका कार्यहरु – (क्रमबद्ध रुपमा)

- संविधानसभाले निर्धारित समयभित्र संविधान निर्माणको कार्य सम्पन्न गर्नको लागि कुन गतिविधि, कहिले, कसरी सम्पन्न गर्ने भन्ने स्पष्ट विवरण सहितको कार्यतालिका निर्माण, (मिति २०६५/८/१ मा)

- संविधानसभाले विकेन्द्रीत रूपमा संविधान निर्माणको कार्य सम्पन्न गर्न र सबै माननीय सदस्यहरूको संविधान निर्माणको कार्यमा समान सहभागिता र क्रियाशिलता सुनिश्चित गर्नको लागि १० वटा विषयगत समिति, ३ वटा प्रक्रियागत समिति र एउटा संवैधानिक समिति गठन, (मिति २०६५/८/२९ मा)

- सञ्चारका विभिन्न साधनहरू मार्फत स्वेदश र विदेशमा रहेका नेपाली नागरिकहरूबाट भावी संविधानको अवधारणात्मक पक्षका सम्बन्धमा राय सुझाव दिनको लागि आह्वान, (मिति २०६५ पौष पहिलो हप्तामा)

- संविधानसभाका सबै माननीय सदस्यहरू ४० वटा विभिन्न टोलीहरूमा विभाजित भई मिति २०६५/११/१६ देखि २०६५/१२/९ सम्म देशका २४० वटै निर्वाचन क्षेत्रको भ्रमण गरी प्रश्नावली मार्फत जनताको राय सुझाव संकलन गर्ने ऐतिहासिक कार्य सम्पन्न,

- अप्रत्यक्ष रूपमा जनताबाट प्राप्त सुझावहरू र जनताले प्रश्नावली मार्फत दिएका करिब ५ लाख सुझावहरू मध्ये प्रत्येक समितिसँग सम्बन्धित सुझाव सम्बन्धित समितिका सबै माननीय सदस्यहरू आफैंले अध्ययन र विश्लेषण गरी सुझावको सारसंक्षेप तयार,

- सबै समितिहरूबाट आ-आफ्नो कार्यक्षेत्रको अधिनमा रही भावी संविधानको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सहितको प्रतिवेदन तयार (२०६६ माघ १४ भित्र)

- प्रत्येक समितिको प्रतिवेदनमाथि ५ दिन अर्थात् ३० घण्टाको दरले सभामा छलफल भईसकेको । (२०६६ माघ २१ भित्र)

- विषयगत समितिका प्रतिवेदनमा कतिपय विषयहरू दोहोरिएका, कतिपय विषयहरू परस्परमा बाझिएका, कतिपय विषयहरू छुट भएका र कतिपय विषयहरू अनिर्णित र विवादास्पद रूपमा रहेकाले त्यसलाई सहमतिपूर्ण ढंगबाट समाधान गरी सबै प्रतिवेदनलाई एकरूपतायुक्त र पूर्णता प्रदान गर्न संविधानसभाको मिति २०६६/२/१३ को २९ औं बैठकबाट १५ सदस्यीय अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिको गठन ।

- अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिले ३ वटा समितिहरू प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति र अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदन अध्ययन गर्ने कार्य पूरा । (२०६६ चैत्र २० भित्र)

- अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिको सुझाव समेतका आधारमा संविधानसभाले उक्त ३ वटा समितिका प्रतिवेदन सुझाव र निर्देशन सहित संवैधानिक समितिमा पठाएको । (२०६६ माघ २१, फागुन १९ र चैत्र २ मा)

- संवैधानिक समितिबाट प्राप्त ३ वटा समितिका प्रतिवेदनको सम्बन्धमा प्राप्त सुझाव र निर्देशनमाथि छलफल गरी मस्यौदालाई संविधानको खाकामा समावेश । (२०६६ फागुन महिनामा)

- संवैधानिक समितिबाट प्रस्तावना र अनुसूचीको साथमा संविधानमा रहने अन्तरवस्तुहरूलाई विभिन्न २७ भागमा विभाजन गरिएको भावी संविधानको प्रारम्भिक खाका तयार पारिएको (२०६६ फागुन महिनामा)

- अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन अध्ययन समितिले बाँकी रहेका ८ वटा समितिहरूका प्रतिवेदन अध्ययन गर्ने कार्य पूरा । समितिबाट टुंगो लगाउन नसकेका २१० वटा प्रश्नावली सहित समितिको अन्तिम प्रतिवेदन मिति २०६७/६/१४ मा अध्यक्षज्यूसमक्ष पेश ।

- संविधानसभाले संवैधानिक समितिको कार्यक्षेत्र थप गर्दै विवाद समाधान गर्ने जिम्मेवारी समेत संवैधानिक समितिलाई हुनेगरी संविधानसभा नियमावलीमा मिति २०६७/१०/४ मा तेस्रो संशोधन गरेको ।

- संविधानसभाले ७ वटा समितिका प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विषयलाई संवैधानिक समितिले नै थप

छलफल गरी टुंगो लगाउने गरी ७ वटा समितिका प्रतिवेदनहरू सुझाव र निर्देशन सहित मिति २०६७/१०/१२ मा संवैधानिक समितिमा पठाएको ।

- संवैधानिक समितिले ७ वटा समितिका प्रतिवेदनमा रहेका ७८ वटा विवादमाथि एकसरो छलफल सम्पन्न गरेको । ३ वटा विवाद समितिले टुंगो लगाएको । बाँकी रहेका ७५ वटा विवादमा सहमतिको प्रयास गर्न मिति २०६७/१/१३ मा विवाद समाधान उपसमितिको गठन गरेको ।
- संविधानसभाले राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विषयलाई सूचीकृत गर्दै ती विषयमा संवैधानिक समितिले नै थप छलफल गरी टुंगो लगाउने गरी समितिको प्रतिवेदन सुझाव र निर्देशन सहित मिति २०६७/१२/३ मा संवैधानिक समितिमा पठाएको ।
- विवाद समाधान उपसमितिले ७५ मध्ये ५३ वटा विवादमा सहमति कायम गरेको । उक्त सहमति समितिबाट अनुमोदन गर्न बाँकी रहेको ।
- संवैधानिक समितिले मिति २०६८/२/१८ मा विवाद समाधान उपसमितिको कार्यअवधि १०/१० दिनको प्रगति विवरण दिने गरी कार्यभार सम्पन्न नभएसम्मको लागि थप गरेको ।
- संविधानसभाले राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदनमा टुंगो लाग्न बाँकी ७८ वटा विषयमाथि एकसरो छलफल मिति २०६८/२/१९ मा सम्पन्न गरी उल्लिखित विवादमा सहमतिको प्रयास गर्न सबै विषय विवाद समाधान उपसमितिमा पठाउने निर्णय गरेको ।

प्रकाशन उपसमितिबाट जेठ १४ गतेपछि भएका कार्यहरू

०६८/२/१७	संविधान सभा गतिविधिका बारेमा समीक्षा । यस अंकमा छुटेका महत्वपूर्ण विषयहरू आगामी अंकमा समेट्ने निर्णय ।
०६८/२/२६	संविधानसभा गतिविधिको व्यवस्थापन मण्डलमा जनमत संकलन समितिका सचिव श्री जयनारायण नेपाललाई थप गर्ने ।
०६८/२/३१	व्यवस्थापन मण्डल सहितको बैठकले संविधानसभा गतिविधिको अर्को अंकमा राख्ने विभिन्न विषयहरूमा छलफल ।
०६८/३/२ र११	संविधानसभा गतिविधिको दोस्रो अंकमा समेट्ने विभिन्न १६ वटा विषयहरू निर्धारण ।
०६८/३/१५	संविधानसभा गतिविधिको लागि आवश्यक पर्ने रिपोर्टिङतर्फ कार्य गर्ने गरी श्री सन्तोष पौडेल, श्री केदार सुवेदी र श्री उज्ज्वल पहाडीलाई राख्ने निर्णय ।
०६८/३/१८	संविधानसभा गतिविधि–२ मा प्रकाशन हुने संविधानसभाका सम्माननीय अध्यक्षज्यू र माननीय उपाध्यक्षज्यू सँग सोधिने प्रश्नहरूका विषयमा छलफल ।
०६८/३/२०	संविधानसभा गतिविधि–२ मा प्रकाशन हुने विषयहरूमा छलफल ।
०६८/३/२१	संविधानसभा गतिविधि–२ प्रकाशन गर्दा कम्प्युटर टाईपतर्फ श्री पिङ्कु मास्के र श्री अञ्जु कँडेललाई कार्य जिम्मेवारी दिने निर्णय ।
०६८/३/२४	संविधानसभा गतिविधि–२ मा प्रकाशन गर्न नागरिक सम्बन्ध समितिको फोटो लिन बाँकी रहनु भएका माननीय सदस्यहरू र कर्मचारीहरूको फोटो लिने निर्णय । साथै संविधानसभा गतिविधि–२ मा प्रकाशन गर्न संवैधानिक समितिका सभापति मा० श्री निलाम्बर आचार्यसँग सोध्ने प्रश्नको बारेमा छलफल एवं निर्णय ।
०६८/३/२९	विविध विषयमा छलफल ।
०६८/४/२	संविधानसभाका सम्माननीय अध्यक्षज्यूको सपथ ग्रहणको फोटो, नारायणहिटी संग्रहालय उद्घाटनको फोटो र गणतन्त्र कार्यान्वयन पछि नेपालको राष्ट्रप्रमुख समक्ष ओहोदाको प्रमाणपत्र पेश गर्नुहुने तत्कालिन चिनिया राजदूतको फोटो संविधानसभा गतिविधि-२ मा समावेश गर्ने निर्णय ।
०६८/४/३	संविधानसभा गतिविधि-२ का विषयमा व्यापक छलफल । गतिविधि प्रकाशन गर्नको लागि व्यवस्थापकीय जिम्मा व्यवस्थापन मण्डललाई दिने निर्णय ।

अवधारणापत्र र प्रारम्भिक प्रतिवेदन अध्ययन समितिको कार्य उपलब्धी

मा. श्री अग्निप्रसाद खरेल
सदस्य, संविधानसभा

१. समितिको गठनको आवश्यकता र उद्देश्य

संविधानसभा नियमावली, २०६५ को नियम ८२ को उपनियम (९) मा संवैधानिक समिति र विषयगत समितिहरूबाट पेश भएको संविधानको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन माथि सभामा छलफल समाप्त भएपछि सभाको कुनै सुझाव र निर्देशन भए सो सहित सबै प्रतिवेदन सभाले एकै पटक वा अलग अलग पारित गरी संवैधानिक समितिमा पठाउनु पर्ने व्यवस्था गरेको छ । सो अनुरूप संविधानसभाले प्रत्येक समितिको प्रतिवेदनको सन्दर्भमा संवैधानिक समितिलाई दिनु पर्ने सुझाव र निर्देशन तयार पार्न एउटा प्रभावकारी संयन्त्रको आवश्यकता महसुस गरी संविधानसभा नियमावली, २०६५ को नियम ८९ बमोजिम संविधानसभाको मिति २०६६/२/१३ मा बसेको २९ औँ बैठकमा मा० श्री पोष्ट बहादुर बोगटी प्रस्तावक र मा० श्री लक्ष्मणप्रसाद घिमिरे समेत समर्थक भई समितिको कार्यक्षेत्र र समितिमा रहनु हुने १५ जना मा० सदस्यहरूको नामावली सहितको प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले पारित भई यस समितिको गठन भएको हो । समिति गठन भएपश्चात मिति २०६६/२/१९ मा बसेको समितिको पहिलो बैठकले समितिका मा० सदस्य श्री लक्ष्मणलाल कर्ण समितिको संयोजकमा चयन भई उहाँको नेतृत्वमा समितिले आफ्नो कार्य सम्पादन गरी आएको अवस्थामा मिति २०६६/५/१७ मा उहाँ नेपाल सरकारको मन्त्री पदमा नियुक्त हुनु भएपछि समितिको मिति २०६६/५/१९ मा भएको बैठकबाट समितिको संयोजन गर्ने जिम्मेवारी मैले प्राप्त गरेको थिएँ ।

२. समितिको कार्यक्षेत्र

यस समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको थियोः

- सबै विषयगत समिति र संवैधानिक समितिबाट पेश भएको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा अध्ययन गर्ने,
- सबै प्रतिवेदन माथि सभामा भएको छलफलमा उठेका विषयहरूको टिपोट गर्ने,
- परस्पर बाझिएका, एक भन्दा बढी समितिको प्रतिवेदनमा दोहोरिएका विषय र बुँदाहरू पहिचान गर्ने,
- समितिहरूका प्रतिवेदनमा समावेश गर्न छुट भएका कुनै विषय भए सो को पहिचान गर्ने,
- सभामा भएको छलफल र समितिका माननीय सभापतिले दिएको जवाफका आधारमा कुनै समितिको प्रतिवेदनमा कुनै विषयमा परिमार्जन गर्नु पर्ने भए सोको सुझाव सम्माननीय अध्यक्षज्यूलाई दिने,
- सबै समितिका मस्यौदा एकिकरण गर्दा संवैधानिक समितिले ध्यान दिनु पर्ने कुनै विषय भए सोको कारण सहितको प्रतिवेदन तयार गरी सम्माननीय अध्यक्षज्यू समक्ष पेश गर्ने ।

३. समितिबाट कार्य सम्पादन

समिति गठन भएको मिति २०६६/२/१३ देखि यसले अन्तिम प्रतिवेदन सम्माननीय अध्यक्षज्यू समक्ष पेश गरेको मिति २०६७/६/१४ सम्मको जम्मा १६ महिनाको कार्य अवधिमा जम्मा ११४ वटा बैठक सम्पन्न भएका थिए । समितिले गर्नु पर्ने कार्य अत्यन्त जटिल प्रकृतिको रहेको र यसले समग्र संविधानसभाको कार्य प्रगतिमा नै प्रभाव पार्ने किसिमको रहेकोले सहमति कायम गर्न सकेका समितिका प्रतिवेदनसँग सम्बन्धित सुझाव प्रतिवेदन क्रमश पेश गर्दै जाने कार्य पद्धति अपनाईएको थियो । यसक्रममा प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिको प्रतिवेदन माथि संविधानसभाले संवैधानिक समितिलाई दिनु पर्ने सुझाव र निर्देशन समावेश रहेको प्रतिवेदन मिति २०६६/१०/२० मा, संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदनमाथि संविधानसभाले संवैधानिक समितिलाई दिनु पर्ने सुझाव र निर्देशन समावेश रहेको प्रतिवेदन मिति २०६६/११/१८ मा, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिको प्रतिवेदन माथि संविधानसभाले संवैधानिक समितिलाई दिनु पर्ने सुझाव र निर्देशन समावेश रहेको प्रतिवेदन मिति २०६६/१२/१५ मा र बाँकी रहेका

आठ वटा समितिका प्रतिवेदनसँग सम्बन्धित सुझावहरू र समितिले सहमति कायम गर्न नसकि संविधानसभाले नै टुङ्गो गर्नु पर्ने विषयहरूको प्रश्नावली समेत रहेको प्रतिवेदन मिति २०६७/६/१४ मा सम्माननीय अध्यक्षज्यू समक्ष पेश गरिएको हो ।

४. समितिको अन्तिम प्रतिवेदनका केही विशेषताहरु

- प्रत्येक समितिको कार्यक्षेत्र भित्रको कुनै विषय छुट भएको भए पहिचान गरिएको ।
- कुनै समितिको प्रतिवेदनमा अर्को समितिको कार्यक्षेत्र भित्रको कुनै विषय दोहोरिएको भए सोको पहिचान गरिएको ।
- समितिबाटै फरक मत आएका र संविधानसभामा छलफलको क्रममा विवादित बनेका विषय सूचीकृत गरिएको ।
- छुट भएका विषयमा समावेश गर्ने कुरा, दोहोरिएका विषयमा एकरूपता कायम गर्ने विषय र मतैक्यता हुन नसकेका विषयमा सर्वसम्मतिले सहमति कायम गरी सम्बन्धित प्रतिवेदनमा परिमार्जन गर्नु पर्ने विषयको अलग अलग सुझाव तयार पारिएको ।
- सहमति कायम हुन बाँकी रहेका विषयहरूलाई प्रश्नावलीको रूपमा सूचीकृत गरिएको ।
- ११ वटै समितिका प्रतिवेदन माथि संविधानसभामा छलफल हुँदा बोल्नु हुने माननीय सदस्यहरूले उठाउनु भएका मुख्य बुँदाहरू र सम्बन्धित समितिका माननीय सभापतिले छलफलको अन्त्यमा दिनु भएको जवाफको सार संक्षेप तयार गरी सूचीमा राखिएको ।
- समितिमा आई राय सुझाव प्रदान गर्ने विशेषज्ञहरूको विवरण र समितिलाई विभिन्न श्रोतबाट प्राप्त सुझाव पनि प्रतिवेदनको अनुसूचीमा रहेको ।

यही समितिले दिएको सुझावका आधारमा संविधानसभाले सबै समितिका प्रतिवेदन पारित गरी संवैधानिक समितिमा पठाएको र टुङ्गो लाग्न बाँकी रहेका भनी समितिले प्रश्नावलीको रूपमा राखेका २१० वटा विषयमध्ये संविधानसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरूको संयन्त्रले १३२ वटा विषयमा सहमति कायम गरेको तथा अन्य विषयहरू अहिले संवैधानिक समिति र सो अन्तर्गत गठित विवाद समाधान उपसमितिमा सहमति कायम गर्ने प्रयास भई रहेको छ ।

अन्त्यमा संविधान निर्माणको चालु प्रक्रियालाई सहमतिपूर्वक अघि बढाएर मात्रै जनताको आशा र अपेक्षाहरूलाई पूरा गर्न सकिन्छ र चालु शान्ति प्रकृयालाई पूरा गरेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई नयाँ संविधान मार्फत संस्थागत गरेर मात्रै सार्वभौम जनताको आफ्नो संविधान आफै लेख्ने अभिव्यक्त इच्छालाई सार्थक बनाउन सकिन्छ । यसैमा हामी सबैको कल्याण छ ।

'आज मिति २०६८ जेठ १४ गतेका दिन हामी देहायका राजनीतिक दलहरू निम्न सहमतिमा पुगेका छौं ।'

१. तीन महिनाभित्र शान्ति प्रकृयाका मूलभूत काम सम्पन्न गर्ने ।

२. तीन महिनाभित्र संविधानसभाबाट संविधानको पहिलो मस्यौदा तयार पार्ने ।

३. नेपाली सेनालाई समावेशी बनाउने लगायतका मधेसी मोर्चासँग विगतमा भएका सहमतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

४. संविधानसभाको समयावधि तीन महिना थप गर्ने ।

५. राष्ट्रिय सहमतिको संयुक्त सरकार गठनका लागि प्रधानमन्त्रीले राजीनामा गरी मार्ग प्रशस्त गर्ने ।

एकिकृत नेकपा (माओवादी)

नेपाली काँग्रेस

नेकपा (एमाले)

संविधानसभा बैठकमा हालसम्म भएका कार्यहरूको संक्षिप्त झलक

बैठक संख्या १
बैठक मितिः २०६५/०२/१५

क) सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले संविधानसभाको पहिलो बैठकलाई सम्बोधन गर्नुभयो ।
ख) "संविधान सभा बैठकको अन्तरिम कार्यविधि, २०६५" पेश र पारित ।
ग) संविधान सभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा ५ को उपदफा (२) बमोजिम अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न ५ जना मा० सदस्यहरूको मनोनयन गरिएको जानकारी ।
घ) "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ (२) बमोजिम गणतन्त्र कार्यान्वयन सम्बन्धी" प्रस्तावलाई संविधान सभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा १२ को उपदफा (४) बमोजिम मत विभाजन गरी निर्णयार्थ प्रस्तुत हुँदा प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ५६० (पाँचसय साठी) मत र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा ४ (चार) मत परी बहुमतबाट पारित भएको जानकारी ।
ङ) "नेपालमा लोकतान्त्रिक गणतन्त्र सम्बन्धी व्यवस्था कार्यान्वयन भइसकेको सन्दर्भमा नारायणहिटी दरबारमा र हेका तत्कालीन राजा र निजसँग सम्बन्धित निजी सचिवालय संरचना यो प्रस्ताव पारित भएको मितिले पन्ध्र दिन भित्र हटाउन सभाको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ । नारायणहिटी दरबार परिसरको नियन्त्रण एवं सो दरबार परिसरमा रहेका सम्पूर्ण राष्ट्रिय सम्पत्तिको सुरक्षाको लागि तत्काल आवश्यक व्यवस्था मिलाउन समेत सभाको यो बैठक नेपाल सरकारलाई निर्देश गर्दछ ।" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको जानकारी ।
च) सम्माननीय अध्यक्षबाट संविधानसभाको पहिलो बैठकलाई मन्तव्य ।

बैठक संख्या २
बैठक मितिः २०६५/०२/२३

"संविधान सभा (कार्यविधि) नियमावली मस्यौदा समिति गठन गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत ।

बैठक संख्या ३
बैठक मितिः २०६५/०२/२५

क) संविधानसभामा दुई निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्नु भएका मा० सदस्यहरूले एक निर्वाचन क्षेत्रबाट राजीनामा गरी सदस्यता त्याग गर्नु पर्ने भएकोले निम्न लिखित निर्वाचन क्षेत्रबाट राजीनामा गरी सदस्यता त्याग गरेको जानकारी ।
ख) मा० श्री शेरबहादुर देउवा – कञ्चनपुर ४ बाट, मा० श्री देवप्रसाद गुरूङ्ग – कास्की १ बाट, मा० श्री पुष्पकमल दाहाल "प्रचण्ड" रोल्पा २ बाट, मा० श्री उपेन्द्र यादव – मोरङ्ग ५ बाट, मा० श्री विजयकुमार गच्छदार – मोरङ्ग ७ बाट ।
ग) संविधानसभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा १५ को उपदफा (१) बमोजिम कार्यव्यवस्था परामर्श समितिमा पदेन सदस्यहरू बाहेकका सदस्यहरूको मनोनयन भएको जानकारी ।

बैठक संख्या ४
बैठक मितिः २०६५/०३/०४

संविधान सभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा ५ को उपदफा (२) मा व्यवस्था भए बमोजिम अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न थप ६ जना मा० सदस्यहरूको मनोनयन भएको जानकारी ।

बैठक संख्या ५
बैठक मितिः २०६५/०३/३१

क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ख. को उपधारा (३) बमोजिम नेपालको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनको सम्बन्धमा कार्यव्यवस्था परामर्श समितिमा छलफल भई तयार भएको निर्धारित कार्यविधि सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी ।

ख) राष्ट्रपति र उपराष्ट्रपति दुवै पदको निर्वाचन सम्पन्न गर्न मिति, समय र निर्वाचन अधिकृत तोकिएको जानकारी ।

बैठक संख्या ६
बैठक मितिः २०६५/०४/०४

क) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कार्यविधि, २०६५ को दफा ११ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृत श्री मनोहरप्रसाद भट्टराईले मा० अध्यक्ष समक्ष पेश गर्नुभएको निम्नलिखित राष्ट्रपति पदको निर्वाचन परिणाम देहाय बमोजिम रहेको छ :

१. कुल मतदाता संख्या ५९४
२. कुल खसेको मत संख्या ५७८
३. कुल बदर मत संख्या २५
४. कुल सदर मत संख्या ५५३
५. राष्ट्रपतिका उम्मेदवारहरूले प्राप्त गर्नुभएको मतपरिणाम मध्ये-
   क) श्री रामप्रीत पासवान "०" (शुन्य) मत
   ख) श्री रामराजाप्रसाद सिंह २७० मत
   ग) श्री रामवरण यादव २८३ मत

ख) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कार्यविधि, २०६५ को दफा १२ को उपदफा (३) बमोजिम सवैभन्दा बढी मत प्राप्त गर्ने राष्ट्रपति पदका दुई उम्मेदवारहरू श्री रामवरण यादव र श्री रामराजाप्रसाद सिंह बीच पुनः मतदानको लागि मिति र समय तोकिएको ।

ग) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कार्यविधि, २०६५ को दफा १२ को उपदफा (२) बमोजिम श्री परमानन्द झा नेपालको उपराष्ट्रपति पदमा ३०५ मत प्राप्त गरी बहुमतले निर्वाचित हुनुभएको घोषणा र निर्वाचन परिणाम देहाय बमोजिम रहेको छ।

कूल मतदाता संख्या ५९४
कूल खसेको मत संख्या ५७८
कूल बदर मत संख्या २४
कूल सदर मत संख्या ५५४

उपराष्ट्रपतिका उम्मेदवारहरूले प्राप्त गर्नुभएको मतपरिणाम मध्ये-
   क) श्री अष्टलक्ष्मी शाक्य बोहरा ४ मत
   ख) श्री परमानन्द झा ३०५ मत
   ग) श्री मानबहादुर विश्वकर्मा २ मत
   घ) सुश्री शान्ता श्रेष्ठ २४३ मत

बैठक संख्या ७
बैठक मितिः २०६५/०४/०६

क) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कार्यविधि, २०६५ को दफा १२ को उपदफा (२) बमोजिम श्री रामवरण यादव नेपालको राष्ट्रपति पदमा ३०८ मत प्राप्त गरी बहुमतले निर्वाचित हुनुभएको घोषणा र निर्वाचन परिणाम देहाय बमोजिम रहेको छ।

१. कूल मतदाता संख्या ५९४
२. कूल खसेको मत संख्या ५९०
३. कूल बदर मत संख्या शुन्य "०"
४. कूल सदर मत संख्या ५९०
५. राष्ट्रपतिका उम्मेदवारहरूले प्राप्त गर्नुभएको मतपरिणाम मध्ये-
   क) श्री रामराजाप्रसाद सिंह २८२ मत
   ख) श्री रामवरण यादव ३०८ मत

ख) संविधानसभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा ६ बमोजिम संविधानसभाको अध्यक्षको निर्वाचनका लागि मिति र समय तोकी सूचना प्रकाशन गर्न निर्देशन । (२०६५ साउन ९ गते बिहान ११:०० बजे)

बैठक संख्या ८
बैठक मितिः २०६५/०४/०८

क) मा० श्री रामवरण यादवराष्ट्रपति पदको निर्वाचनबाट राष्ट्रपति पदमा निर्वाचित हुनु भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६ख. को उपधारा (४) बमोजिम संविधानसभा सदस्य पदको एक स्थान रिक्त भएको जानकारी ।

ख) "संविधान सभा बैठकको अन्तरिम (पहिलो संशोधन) कार्यविधि, २०६५" सर्वसम्मतिबाट पारित भएको जानकारी ।

बैठक संख्या ९
बैठक मितिः २०६५/०४/०९

क) "संविधान सभा बैठकको अन्तरिम (दोस्रो संशोधन) कार्यविधि, २०६५" सर्वसम्मतिबाट पारित भएको जानकारी ।

ख) संविधानसभा बैठकको अन्तरिम कार्यविधि, २०६५ को दफा ६ को उपदफा (३) बमोजिम माननीय श्री सुवासचन्द्र नेम्वाङ्ग संविधानसभाको अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा ।

बैठक संख्या १०
बैठक मितिः २०६५/०४/१२

संविधान सभा (कार्यविधि) नियमावली मस्यौदा समितिका मा० सदस्यहरूको थप मनोनयन भएको जानकारी ।

बैठक संख्या ११
बैठक मितिः २०६५/०७/२५

क) संविधान सभा (कार्यविधि) नियमावली मस्यौदा समितिका संयोजक मा० श्री नारायणमान विजुक्छेले संविधान सभा नियमावली २०६५ र संविधानसभा (व्यवस्थापिका-संसदको कार्य संचालन) नियमावली २०६५ को मस्यौदा प्रतिवेदन पेश ।

बैठक संख्या १२
बैठक मितिः २०६५/०७/२६

क) नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) का तर्फबाट समानुपातिक निर्वाचन प्रणाली अनुसार संविधान सभामा निर्वाचित मा० सदस्य श्री मोहन वैद्यले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६७ को खण्ड (क) बमोजिम राजीनामा दिनुभएकोले उक्त संविधानसभा सदस्यको स्थान एक रिक्त रहेको व्यहोरा जानकारी।

ख) "संविधान सभा नियमावली २०६५ र संविधानसभा (व्यवस्थापिका-संसदको कार्य संचालन) नियमावली २०६५ को मस्यौदा प्रतिवेदन माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी ।

बैठक संख्या १३
बैठक मितिः २०६५/०७/२९

संविधान सभा नियमावली, २०६५ र संविधानसभा (व्यवस्थापिका-संसदको कार्य संचालन) नियमावली, २०६५ माथि दफावार छलफल र सर्वसम्मतिबाट पारित ।

बैठक संख्या १४
बैठक मितिः २०६५/०८/०१

क) संविधानसभा, कार्यव्यवस्था परामर्श समितिको बैठकद्वारा स्वीकृत संविधानसभाको प्रस्तावित कार्यतालिका सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी ।

ख) संविधानसभा नियमावली, २०६५ को नियम ९ को उपनियम (१) बमोजिम संविधानसभाका उपाध्यक्ष पदको निर्वाचनका लागि मिति र समय तोकी सूचना प्रकाशन गर्न निर्देशन । (२०६५ मंसिर १३ गते शुक्रबार विहान ११:०० बजे)

क) मा० श्री प्रतिभा राणालाई संविधानसभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ११४ (एकसय चौध) मत, यस प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा २३१ (दुईसय एकतीस) मत र यस प्रस्तावको पक्ष अर्थात् "हुन्छ" वा विपक्ष अर्थात् "हुन्न" भन्ने पक्षमा मत प्रकट नगरी तटस्थ रहने अर्थात् "मत दिन्न" भन्ने पक्षमा जम्मा १८३ (एकसय त्रियासी) मत परेकोले प्रस्ताव बहुमतबाट अस्वीकृत भएको जानकारी ।

ख) मा० श्री खोभारी रायलाई संविधानसभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ८ (आठ) मत, यस प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा २३१ (दुईसय एकतीस) मत र यस प्रस्तावको पक्ष अर्थात् "हुन्छ" वा विपक्ष अर्थात् "हुन्न" भन्ने पक्षमा मत प्रकट नगरी तटस्थ रहने अर्थात् "मत दिन्न" भन्ने पक्षमा जम्मा २७७ (दुईसय सतहत्तर) मत परेकोले प्रस्ताव बहुमतबाट अस्वीकृत भएको जानकारी ।

ग) मा० श्री लीला न्याईच्याईँलाई संविधानसभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ११५ (एकसय पन्ध्र) मत, यस प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा २१७ (दुईसय सत्र) मत र यस प्रस्तावको पक्ष अर्थात् "हुन्छ" वा विपक्ष अर्थात् "हुन्न" भन्ने पक्षमा मत प्रकट नगरी तटस्थ रहने अर्थात् "मत दिन्न" भन्ने पक्षमा जम्मा १७५ (एकसय पचहत्तर) मत परेकोले प्रस्ताव बहुमतबाट अस्वीकृत भएको जानकारी ।

घ) मा० श्री पूर्णकुमारी सुवेदीलाई संविधानसभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ३४६ (तीनसय छयालीस) मत, यस प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा ६९ (उनानसत्तरी) मत र यस प्रस्तावको पक्ष अर्थात् "हुन्छ" वा विपक्ष अर्थात् "हुन्न" भन्ने पक्षमा मत प्रकट नगरी तटस्थ रहने अर्थात् "मत दिन्न" भन्ने पक्षमा जम्मा ९० (नब्बे) मत परेकोले मा० श्री पूर्णकुमारी सुवेदी संविधानसभाको उपाध्यक्ष पदमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७१ को उपधारा (१क) एवं संविधानसभा नियमावली, २०६५ को नियम ७ को उपनियम (१०) बमोजिम बहुमतबाट निर्वाचित हुनु भएको घोषणा ।

बैठक संख्या १५
बैठक मितिः २०६५/०८/१३

ने.क.पा. माओवादीका श्री मोहन वैद्य किरणले राजीनामा दिनुभई रिक्त रहेको संविधानसभा सदस्य पदमा सोही दलका श्री कुवेर बहादुर वली निर्वाचित भएको निर्वाचन आयोगको पत्रको जानकारी ।

बैठक संख्या १६
बैठक मितिः २०६५/०८/१७

क) संविधानसभा नियमावली, २०६५ को नियम ६५ बमोजिमको संवैधानिक समिति, नियम ६६ बमोजिमका विभिन्न १० वटा विषयगत समितिहरू र नियम ६७ बमोजिमका विभिन्न ३ वटा प्रक्रियागत समितिहरूमा रहनुहुने मा० सदस्यहरूको नाममा सहमति कायम रहेको जानकारी ।

ख) संविधानसभाका विभिन्न सभापतिहरूको निर्वाचन गर्न र प्रत्येक समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषय र सो अर्न्तगत संचालन हुने गतिविधि सहितको कार्यतालिका निर्माण गर्न तोकिएको अवधि अर्थात् २०६५ पुष १५ गते भित्रै संविधानसभाका विभिन्न समितिहरूको सभापतिको निर्वाचन सम्पन्न गर्ने व्यवस्था समेत मिलाइएको व्यहोरा जानकारी ।

ग) संविधानसभाका विभिन्न समितिहरूको बैठक २०६५ पुस १ गते दिनको ३:०० बजे सचिवालयद्वारा निर्धारण गरिएका विभिन्न समितिको कार्यकक्षमा बस्ने सम्बन्धी सूचना सिंहदरबार स्थित विभिन्न दलका कार्यालयहरूमा रहेको पिजन होलमा राखिने जानकारी ।

बैठक संख्या १७
बैठक मितिः २०६५/०८/३०

क) संविधानसभा नियमावली, २०६५ को नियम १४९ को उपनियम (४) बमोजिम संविधानसभाको कार्यतालिका, २०६५ मा हेरफेर सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी । (पहिलो पटक हेरफेर)

ख) संविधानसभा नियमावली, २०६५ को नियम १७१ बमोजिम संविधानसभा नियमावली संशोधन मस्यौदा समिति गठन सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी ।

ग) संविधानसभा नियमावली, २०६५ को नियम ७० को उपनियम (१) बमोजिम संविधानसभा अर्न्तगतका विभिन्न समितिहरूका सभापतिको निर्वाचनको लागि मिति २०६५ साल पुस २५ गते शुक्रवार विहान ११:०० बजेको समय तोकेको व्यहोरा जानकारी।

घ) संविधानसभा नियमावली संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०६५ पेश, छलफल र सर्वसम्मतिबाट पारित भएको जानकारी ।

बैठक संख्या १८ बैठक संख्या १९
बैठक मितिः २०६५/०९/०४

बैठक संख्या २०
बैठक मितिः २०६५/०९/२२

क) संविधानसभा नियमावली, २०६५ को नियम १४९ को उपनियम (४) बमोजिम कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा हेरफेर सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी । (दोस्रो पटक हेरफेर)

ख) मिति २०६५।०९।२२ गते बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकको परामर्शमा संविधानसभा अन्तर्गतका विभिन्न समितिहरूका सभापतिको निर्वाचनको मिति २०६५ साल पुस २९ गते मंगलवार विहान ८:०० बजे गर्ने गरी तोकिएको व्यहोरा जानकारी ।

बैठक संख्या २१,२२,२३
बैठक मितिः २०६५/०९/२६

क) संविधानसभाका मा० सदस्य श्री सुशीलचन्द्र अमात्यले पदबाट राजीनामा दिनुभएको कारण नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६७ को खण्ड (क) र संविधानसभा नियमावली, २०६५ को नियम १३३ बमोजिम संविधानसभा सदस्यको स्थान एक रिक्त हुन आएको व्यहोरा जानकारी ।

ख) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ग) बमोजिम श्री माधवकुमार नेपाल, रौतहटलाई संविधानसभाको सदस्यमा मनोनयन गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रको जानकारी ।

ग) संविधानसभा (पहिलो संशोधन) नियमावली, २०६५ को नियम ६५ र ७१ बमोजिम संविधानसभा अर्न्तगतका विभिन्न समितिहरूमा मा० सदस्यहरूको हेरफेर तथा थपघट सम्बन्धी जानकारी ।

बैठक संख्या २४
बैठक मितिः २०६५/०९/२५

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ग) बमोजिम श्री अच्युतराज पाण्डे, काठमाण्डौलाई मनोनयन गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रको जानकारी ।

बैठक संख्या २५
बैठक मितिः २०६५/१०/०६

संविधानसभा नियमावली, २०६५ को नियम ७१ बमोजिम संविधानसभा अन्तर्गतका विभिन्न समितिहरूमा मा० सदस्यहरूको हेरफेर तथा थपघट सम्बन्धी जानकारी ।

बैठक संख्या २६
बैठक मितिः २०६५/१२/३१

क) संविधानसभा नियमावली, २०६५ को नियम १४९ को उपनियम (४) बमोजिम कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा हेरफेर सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी । (तेस्रो पटक हेरफेर)

ख) संविधानसभा नियमावली, २०६५ बमोजिम २०६५ जेष्ठ २३ गते गठित कार्यव्यवस्था परामर्श समितिमा मा० सदस्यहरूको नाम हेरफेर र थपघट सम्बन्धी जानकारी ।

ख) मा० श्री बोधनारायण सरदारको मिति २०६५ फाल्गुण ३० गते मोटर साइकल दुर्घटनामा परी मृत्यु भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६७ को (ङ) एवं संविधानसभा नियमावली, २०६५ को नियम १३४ को (१) बमोजिम संविधानसभा सदस्यको स्थान एक रिक्त भएको जानकारी ।

बैठक संख्या २७
बैठक मितिः २०६६/०१/१६

क) संविधानसभा नियमावली, २०६५ को नियम १४९ को उपनियम (४) बमोजिम कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा हेरफेर सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको जानकारी । (चौथो पटक हेरफेर)

ख) संविधानसभा नियमावली, २०६५ को नियम ७१ बमोजिम संविधानसभा अन्तर्गतका विभिन्न समितिहरूमा मा० सदस्यहरूको नाम थप मनोनयन एवं हेरफेर सम्बन्धी जानकारी ।

बैठक संख्या २८
बैठक मितिः २०६६/०२/११

क) राष्ट्रिय हितको संरक्षण समितिका मा० सभापति श्री अमिक शेरचनले राष्ट्रिय हितको संरक्षण समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ र अवधारणापत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ प्रस्तुत र उक्त प्रतिवेदन माथि छलफल गर्न दिन निर्धारण गरिएको जानकारी ।

ख) संविधानसभा नियमावली, २०६५ को निमय ७१ बमोजिम संविधानसभा अर्न्तगतको नागरिक सम्बन्ध समितिमा मा० श्री बीरेन्द्र माझीको नाम थप मनोनयन गरिएको जानकारी ।

बैठक संख्या २८
बैठक मितिः २०६६/०२/१३

क) अवधारणापत्र र प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन समिति गठन गर्ने सम्बन्धी प्रस्ताव बहुमतबाट स्वीकृत भएको जानकारी ।
ख) राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन माथि छलफल गर्न २०६६ जेठ १७, १९, २०, २१ र २२ गतेका दिनहरू निर्धारण गरिएको जानकारी ।

बैठक संख्या ३०
बैठक मितिः २०६६/०२/१७

क) अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ प्रस्तुत ।
ख) राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । (प्रारम्भ भएको छलफलमा १५ जना मा० सदस्यहरूले भाग लिनु भयो ।)

बैठक संख्या ३१
बैठक मितिः २०६६/०२/१५

राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन माथि छलफल जारी । आजको जारी छलफलमा २७ जना मा० सदस्यहरूले भाग लिनु भयो ।

बैठक संख्या ३२
बैठक मितिः २०६६/०२/२०

क) संविधानसभा नियमावली, २०६५ को नियम ७१ बमोजिम संविधानसभा अन्तर्गतका विभिन्न समितिहरूमा मा० सदस्यहरूको नाम हेरफेर भएको जानकारी ।
ख) राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन माथि छलफल जारी । आजको जारी छलफलमा ३३ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ३३
बैठक मितिः २०६६/०२/२१

क) संविधानसभा नियमावली, २०६५ को नियम ७१ बमोजिम संविधानसभा अन्तर्गतका विभिन्न समितिहरूमा मा० सदस्यहरूको नाम हेरफेर भएको सम्बन्धी जानकारी ।
ख) राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन माथि छलफल जारी । आजको जारी छलफलमा ४२ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ३४
बैठक मितिः २०६६/०२/२२

क) राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदन माथि छलफल समाप्त र मा० सभापतिबाट जवाफ । यस समितिको आजको छलफलमा ४२ जना मा० सदस्यहरूले बोल्नु भयो र यस समितिको छलफलमा जम्मा १५६ जना मा० सदस्यहरूले भाग लिनु भएको थियो
ख) अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ को छलफलको लागि २०६६ जेठ २४, २५, २६, २७ र २८ गतेका दिनहरू निर्धारण गरिएको जानकारी ।

बैठक संख्या ३५
बैठक मितिः २०६६/०२/२४

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । प्रारम्भ भएको आजको छलफलमा १७ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ३६
बैठक मितिः २०६६/०२/२५

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । आजको जारी छलफलमा २७ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ३७

बैठक मितिः २०६६/०२/२६

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । आजको जारी छलफलमा ३५ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ३८

बैठक मितिः २०६६/०२/२७

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । आजको जारी छलफलमा ३८ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ३९

बैठक मितिः २०६६/०२/२८

अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समितिको प्रतिवेदन माथि छलफल समाप्त र मा० सभापतिबाट जवाफ । यस समितिको आजको छलफलमा ४५ जना मा० सदस्यहरूले बोल्नु भयो र यस समितिको छलफलमा जम्मा १६२ जना मा० सदस्यहरूले भाग लिनु भएको थियो ।

बैठक संख्या ४०

बैठक मितिः २०६६/०३/०८

सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ प्रस्तुत र छलफलको लागि २०६६ असार ११, १२, १४, १७ र १८ गतेका दिनहरू निर्धारण गरिएको जानकारी ।

बैठक संख्या ४१

बैठक मितिः २०६६/०३/११

क) कार्यव्यवस्था परामर्श समितिमा रहनुभएका माननीय सदस्यहरू मन्त्रिपरिषद्मा समावेश हुनु भएकोले उहाँहरूको स्थानमा ३ जना मा० सदस्यहरू हेरफेर गरिएको जानकारी ।

ख) सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । आज प्रारम्भ भएको छलफलमा २६ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ४२

बैठक मितिः २०६६/०३/१२

सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आजको जारी छलफलमा २९ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ४३

बैठक मितिः २०६६/०३/१४

सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आजको जारी छलफलमा ३८ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ४४

बैठक मितिः २०६६/०३/१७

सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आजको जारी छलफलमा ५० जना मा० सदस्यहरूले भाग लिनुभयो ।

सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको प्रतिवेदन माथि छलफल समाप्त र मा० सभापतिबाट जवाफ । यस समितिको आजको छलफलमा ६१ जना मा० सदस्यहरूले बोल्नु भयो र यस समितिको छलफलमा जम्मा २०४ जना मा० सदस्यहरूले भाग लिनु भएको थियो ।	बैठक संख्या ४५ बैठक मितिः २०६६/०३/१८
संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ प्रस्तुत र छलफलको लागि २०६६ असार २४ गते प्रारम्भ हुने जानकारी ।	बैठक संख्या ४६ बैठक मितिः २०६६/०३/२१
क) संविधानसभा नियमावली, २०६५ को नियम १४९ को उपनियम (४) बमोजिम कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा हेरफेर सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित । (पाँचौं पटक हेरफेर) ख) संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । आज प्रारम्भ भएको छलफलमा २५ जना मा० सदस्यहरूले भाग लिनुभयो ।	बैठक संख्या ४७ बैठक मितिः २०६६/०४/०१
संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा २७ जना मा० सदस्यहरूले भाग लिनुभयो ।	बैठक संख्या ४८ बैठक मितिः २०६६/०४/०२
संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा ३० जना मा० सदस्यहरूले भाग लिनुभयो ।	बैठक संख्या ४९ बैठक मितिः २०६६/०४/०४
संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा ३२ जना मा० सदस्यहरूले भाग लिनुभयो ।	बैठक संख्या ५० बैठक मितिः २०६६/०४/०५
संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन माथिको छलफल समाप्त र मा० सभापतिबाट जवाफ । यस समितिको आजको छलफलमा ४४ जना मा० सदस्यहरूले बोल्नु भयो र यस समितिको छलफलमा जम्मा १५८ जना मा० सदस्यहरूले भाग लिनु भएको थियो।	बैठक संख्या ५१ बैठक मितिः २०६६/०४/०६
व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ प्रस्तुत र छलफलको लागि २०६६ साउन २३, २५, २६, २७ र २८ गतेका दिनहरू निर्धारण गरिएको जानकारी ।	बैठक संख्या ५२ बैठक मितिः २०६६/०४/१५

बैठक संख्या ५३
बैठक मितिः २०६६/०४/२३

व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ र साउन २५ गते हुने छलफल विशेष कारणवस साउन ३० गते हुने गरी निर्धारण गरिएको जानकारी । आज प्रारम्भ भएको छलफलमा २२ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ५४
बैठक मितिः २०६६/०४/२६

व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा २८ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ५५
बैठक मितिः २०६६/०४/२७

व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा ३४ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ५६
बैठक मितिः २०६६/०४/२८

क) व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समितिको प्रतिवेदन माथि छलफल जारी र साउन ३० गतेको लागि निर्धारण गरिएको छलफल साउन ३२ गतेको दिन निर्धारण गरिएको जानकारी । आज जारी छलफलमा ३८ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

ख) संविधानसभा नियमावली, २०६५ को नियम ७० को उपनियम (१) बमोजिम संविधानसभा अन्तर्गतको संबैधानिक समितिको सभापति पदको निर्वाचनको लागि मिति २०६६ साल भाद्र १ गते सोमवार विहान ८:०० बजेको समय तोकेको जानकारी ।

बैठक संख्या ५७
बैठक मितिः २०६६/०४/३२

क) मिति २०६६ साउन ३२ गते बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकको परामर्शमा संवैधानिक समितिको सभापतिको निर्वाचनको लागि २०६६ भदौ १२ गते शुक्रवार विहान ८:०० बजे हुने गरी निर्वाचनको मिति हेरफेर गरेको जानकारी ।

ख) व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समितिको प्रतिवेदन माथि छलफल समाप्त र मा० सभापतिबाट जवाफ । यस समितिको आजको छलफलमा ४६ जना मा० सदस्यहरूले बोल्नु भयो र यस समितिको छलफलमा जम्मा १५८ जना मा० सदस्यहरूले भाग लिनु भएको थियो ।

बैठक संख्या ५८
बैठक मितिः २०६६/०५/२४

क) संविधानसभा नियमावली, २०६५ को नियम १४९ को उपनियम (४) बमोजिम कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा हेरफेर सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भएको जानकारी । (छैठौं पटक हेरफेर)

ख) संविधानसभा नियमावली, २०६५ को नियम ७१ बमोजिम संविधानसभा अन्तर्गतका विभिन्न समितिहरूमा मा० सदस्यहरूको नाम हेरफेर गरिएको जानकारी ।

ग) न्याय प्रणाली सम्बन्धी समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६ प्रस्तुत र छलफलको लागि २०६६ भदौ २८, २९, ३०, ३१ र असोज १ गतेका दिनहरू निर्धारण गरिएको जानकारी ।

बैठक संख्या ५९
बैठक मितिः २०६६/०५/२८

न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । आज प्रारम्भ भएको छलफलमा १४ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६०
बैठक मितिः २०६६/०५/२९

न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा २० जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६१
बैठक मितिः २०६६/०५/३०

न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा २४ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६२
बैठक मितिः २०६६/०५/३१

क) न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा ३० जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६३
बैठक मितिः २०६६/०६/०१

न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन माथि छलफल समाप्त र मा० सभापतिबाट जवाफ । यस समितिको आजको छलफलमा ४३ जना मा० सदस्यहरूले बोल्नु भयो र यस समितिको छलफलमा जम्मा १३१ जना मा० सदस्यहरूले भाग लिनु भएको थियो ।

बैठक संख्या ६४
बैठक मितिः २०६६/०७/२५

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ प्रस्तुत र छलफलको लागि २०६६ असार ३, ४, ७, ८ र ९ गतेका दिनहरू निर्धारण गरिएको जानकारी ।

बैठक संख्या ६५
बैठक मितिः २०६६/०८/०३

क) संविधानसभा नियमावली, २०६५ को नियम १४९ को उपनियम (४) बमोजिम कार्यव्यवस्था परामर्श समितिको परामर्शमा संविधानसभाको कार्यतालिका, २०६५ मा हेरफेर सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित । (सातौं पटक हेरफेर)

ख) मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । यस प्रतिवेदन माथि छलफल गर्न मंसिर ४ गते तोकिएकोमा उक्त छलफल मंसिर १० गते हुने गरी निर्धारण गरिएको जानकारी । आज प्रारम्भ भएको छलफलमा १५ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६६
बैठक मितिः २०६६/०८/०७

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन माथि छलफल जारी र छलफल मंसिर ८,९ र १० गते संविधानसभाको बैठक नबस्ने हुँदा उक्त छलफलको लागि २०६६ मंसिर ११, १२ र १४ गतेका दिनहरू तोकेको जानकारी । आज जारी छलफलमा ३४ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६७
बैठक मितिः २०६६/०८/११

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा ३७ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६८
बैठक मितिः २०६६/०८/१२

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन माथि छलफल जारी । आज जारी छलफलमा ३९ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ६९
बैठक मितिः २०६६/०८/१४

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको प्रतिवेदन माथि छलफल समाप्त र मा० सभापतिबाट जवाफ । आज जारी छलफलमा ५४ जना मा० सदस्यहरू समेत गरी यस प्रतिवेदनमाथिको छलफलमा जम्मा १७९ जना मा० सदस्यहरूले भाग लिनु भयो ।

बैठक संख्या ७०
बैठक मितिः २०६६/०८/१६

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिको अवधारणापत्र सहितको संविधानको प्रारम्भिक मस्यौदा प्रतिवेदन, २०६६ प्रस्तुत र छलफलको लागि २०६६ मंसिर १९, २१, २२, २३ र २६ गतेका दिनहरू निर्धारण गरिएको जानकारी ।

बैठक संख्या ७१
बैठक मितिः २०६६/०८/१९

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ । आज प्रारम्भ भएको छलफलमा २२ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

सूचना प्रकाशित
बैठक मितिः २०६६/०८/२१

नेपाल बन्दका कारण मा० सदस्यहरूको उपस्थिति एकदमै न्यून रहेकोले सूचना प्रकाशित गरी बैठक स्थगित ।

बैठक संख्या ७२
बैठक मितिः २०६६/०८/२२

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिको प्रतिवेदन माथि छलफल जारी । आज प्रारम्भ भएको छलफलमा ३१ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ७३
बैठक मितिः २०६६/०८/२३

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिको प्रतिवेदन माथि छलफल जारी । आज प्रारम्भ भएको छलफलमा ३३ जना मा० सदस्यहरूले भाग लिनुभयो ।

बैठक संख्या ७४
बैठक मितिः २०६६/०८/२६

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिको प्रतिवेदन माथि छलफल जारी र छलफलको दिन हेरफेर । छलफल गर्न मंसिर १६ गतेको बैठकबाट २०६६ साल मंसिर १९, २१, २२, २३ र २६ गतेका दिनहरू तोकिएकोमा २०६६ साल मंसिर २१ गतेको नेपाल बन्दका कारण मा० सदस्यहरूको उपस्थिति एकदमै न्यून रहेकोले उक्त दिन संविधानसभाको बैठक सूचनापत्र-१ द्वारा स्थगित गरिएकोले उक्त मस्यौदा प्रतिवेदन माथिको छलफलको लागि यही २०६६ मंसिर २९ गतेको दिन निर्धारण गरिएको जानकारी ।

बैठक संख्या ७५
